# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## शुक्लाफाँटा नगरपालिका

### कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## शुक्लाफाँटा नगरपालिका

### कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## शुक्लाफाँटा नगरपालिका

### कञ्चनपुर

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५०६

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
शुक्लाफाँटा नगरपालिका,नगरकार्यपालिकाको कार्यालय,
कञ्चनपुर ।

**कैफियत सहितको राय**

हामीले शुक्लाफाँटा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. २ करोड ४७ लाख ७४ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु. ५९ हजार फछ्र्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ४० लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २७ लाख १२ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ७९ लाख ५६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ५ करोड ८१ लाख ४१ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ८ करोड २४ लाख ५० हजार रहेको छ ।नगरपालिकाको **बेरुजु वर्गीकरण,अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ** ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८१ | २०९ | २४७७४ | ० | १ | ५९ | ८१ | २०८ | २४७१४ | ४०४४ | १७९५६ | २७१२ | ० | ० | २०६६८ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण (रु. हजारमा)

| क्र.सं. | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | ८७.१ | भत्ता बढी भुक्तानी | ५९ |
| **जम्मा** | | | **५९** |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर | ५८१४१ | ० | ४०५ | ५७७३६ | ० | २४७१४ | ८२४५० |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : शुक्लाफाँटा नगरपालिका, कंचनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विशन सिंह थापा | २०७७-४-१ | २०७८-८-७ |
| कार्यालय प्रमुख | टिकेन्द्रराज भट्ट | २०७८-८-८ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २४,७१४,३८८.७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,४७,४८,६३८.२२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८,९०,५१,९८५.६ | **चालु खर्च** | ३९,५४,६६,१६६.७२ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,२१,८३,०४८ | **पूँजीगत खर्च** | १६,३५,८८,५३८.७ |
| **राजश्व बाँडफाँट** | ११,७३,४८,२४४.७ | **वित्तीय/अन्य व्यवस्था** | २२,५८,४३,२५३ |
| **आन्तरिक आय** | २,१९,२०,३३६.२३ | | |
| **अन्य आय** | २२,८५,३४,२४२.०३ | | |
| **कुल आय** | ७८,९०,३७,८५६.५६ | **कुल खर्च** | ७८,४८,९७,९५८.४२ |
| **बाँकी मौज्दात** | | ९,८८,८८,५३६.३६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडा,१६२.५७ वर्ग किलोमिटर क्षेत्रफल तथा ६३६६७ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग मिति २०७९।१०।२ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः | |
| ३ | | | **वित्तीय विवरण परीक्षण** | |
| ३.१ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७४७३९१४६.००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.९१४७५५०.९७, गरिव संग विश्वेश्वर कार्यक्रमको रु.४६३६५४.००, स्वच्छ बातावरण कार्यक्रम रु.१९३७९८६.०० र क्षेत्रीय सहरी विकास आयोजना रु.५३२००१६.०० समेत गरी रु.१९१६०८३५२।९७ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.२</td><td></td><td></td><td>फरक हिसाब — यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार वर्षको प्राप्ति रु.१९१६३८३७३।९२, यस वर्षको भुक्तानी रु.१९१६३८३५२।९८ र बैङ्क मौज्दात रु.२१।० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।<br>
<table>
<tr><th>विवरण</th><th>गत वर्षको जिम्मेवारी</th><th>यस वर्षको प्राप्ति</th><th>यस वर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>९४७४८६३८.२२</td><td>५९७३९९४८२.५८</td><td>५९३२५९६०५.४४</td><td>९८८८८५१५.३६</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>९४७४८६३८.२२</td><td>७८९०३७८५६.५</td><td>७८४८९७९५८.४२</td><td>९८८८८५३६.३६</td></tr>
<tr><td>फरक</td><td>०.</td><td>-१९१६३८३७३.९२</td><td>-१९१६३८३५२.९८</td><td>-२१.</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.३ | | | **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७९।३।३२को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९।३।३१ को बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष | ८१९९४९६३.५७ | ३६१४०५५४.०४ | -४५८५४४०९.५३ |
| २ | चालु खर्च खाता | ०.० | २६३६६४९४.९५ | २६३६६४९४.९५ |
| ३ | पुजि खर्च खाता | -३२५०००.० | १३४०१७८७.३१ | १३७२६७८७.३१ |
| ४ | आन्तरिक राजश्व खाता | ०.० | १६०२८४७८.२३ | १६०२८४७८.२३ |
| ५ | विविध खर्च खाता | ६०६२९४.४७ | २४४०६५९.२९ | १८३४३६४.८२ |
| ६ | स्थानीय तह धरौटी खाता | १२५२४८६१.३२ | १२५२४८६१.३२ | ०. |
| ७ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ४०८७३९६.० | ४०८७३९६.० | ०. |
| | जम्मा | ९८८८८५१५.३६ | ११०९९०२३१.१४ | १२१०१७१५.७८ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.४ | | | **शसर्त अनुदान बढी फिर्ता —** कार्यालयले शसर्त अनुदान वापत प्राप्त रकम खर्च भएको एकिन गरी बाँकी रकम सम्बन्धित संचित कोषमा फिर्ता गर्नुपर्दछ । म.ले.प. फा.नं. २७२ को अनुसुची २१ अनुसार संघीय सशर्त अनुदान वापत रु.३२५०००।० बढी फिर्ता भएको देखिएकोले बढी फिर्ता रकम प्राप्त गर्नुपर्दछ । | |
| ३.५ | | | **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात श्रेस्ता अनुसार सबै संचित कोष खातामा ट्रान्सफर गरेको देखिएतापनि बैंकमा सम्बन्धित खातामा मौज्दात रहेको देखिएकोले तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ४.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नूपर्नेमा सो गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्माण समिति र बजेट था कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगाएतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाईएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको पत्रको दफा १७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन, तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ४.२ | | | **बेरुजु लगतः-** महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामहरुो अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फस्यौंट लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याउनु पर्दछ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम** | |
| ५.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री तुलसी हमाल ले मिति २०७८।३।८ गते रु.७९ करोड ४९ लाख २४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ५.२ | | | बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२९८२३</td><td>२६४३३</td><td>४.७३</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१८५३०४</td><td>१२९८५७</td><td>२३.२३</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३११४००</td><td>२७६७३७</td><td>४९.५</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>५३६९</td><td>४४९८</td><td>०.८</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१४३६६५</td><td>१२१५२८</td><td>२१.७४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६७५५६१</td><td>५५९०५३</td><td>१००.०</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामजिक विकासमा सबैभन्दा बढी ४९.५० प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ०.८ प्रतिशत खर्च गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>रकमान्तर - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । नगरपालिकाकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । यस नगरपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू.४ करोड ९० लाख ८ हजार अर्थात कुल बजेट रू.७९ करोड ४९ लाख २४ हजारको ६.१७ प्रतिशत र केही शिर्षकमा शत प्रतिशतसम्म रकमान्तर गरी खर्च गरेको छ र सोको लागी नगरसभाको स्वीकृति लिएको छैन । नगरपालिकाको बिनियोजन ऐनमा व्यवस्था बिना एक शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ५.५ | | | **चौमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रकम रु. हजारमा) | |

| **क्र.सं.** | **बजेट उपशीर्षक** | **बजेटरखर्च** | | **प्रथमचौमासिक** | | **दोस्रोचौमासिक** | | **तेस्रोचौमासिक** | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **बजेट** | **खर्च** | **बजेट** | **खर्च** | **बजेट** | **खर्च** | **बजेट** | **खर्च** |
| १ | चालु खर्च तर्फ | ४४९३४३ | ३९६५४७ | १३४५५४ | ८४१७२ | १४३११७ | ९६६४८ | १३६८१० | २१४६४६ |
| २ | पुंजीगत खर्च तर्फ | २२६२२० | १६३५८९ | ३७३२५ | १९५४ | ८७६३४ | २३०४२ | ७१९०२ | १३८५९३ |
| | जम्मा | ६७५५६३ | ५६०१३६ | १७१८७९ | ८६१२६ | २३०७५१ | ११९६९० | २०८७१२ | ३५३२३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.५६ करोड १ लाख ३६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.८ करोड ६१ लाख २६ हजार अर्थात १५.३७ प्रतिशत, दोस्रो चौमासिकमा रु.११ करोड ९६ लाख ९० हजार अर्थात २१.३६ प्रतिशत र तेस्रो चौमासिकमा रु. ३५ करोड ३२ लाख ३९ हजार अर्थात ६३.०६ प्रतिशत खर्च गरेको देखिन्छ । यसरी नै आषाढमा मात्र रु.१७ करोड ३८ लाख ७१ हजार अर्थात ३१.०४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । स्वीकृत कार्यक्रमअनुसार चौमासकि रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ५.६ | | | **गत वर्षको दायित्व-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ भित्र भुक्तानी बाँकी विवरण प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा विभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.४९५३०५५।० भुक्तानी बाँकी रहेको विवरण राखि कच्चावारी तयार गरेको आधारमा कार्यापालिकाको निर्णायानुसार यस वर्षको बजेटमा गत वर्षको भुक्तानीको लागि बजेट व्यवस्था नगरेको अवस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । वार्षिक वजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वार्षिक बजेटले बहुवर्षिय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी खर्चे गर्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| ५.७ | | | **योजनाको प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा १२ वडाको लागि वडागत र पालिकास्तरका कुल २३७ योजनामा वजेट विनियोजन गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>रु. १ लाख सम्म</td><td>रु. १ लाख देखि २ लाखसम्म</td><td>रु. २ लाखदेखि ५ लाखसम्मका</td><td>रु. ५लाख देखि १० लाखसम्मका</td><td>रु. १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr><tr><td>७९</td><td>७६</td><td>५९</td><td>१३</td><td>१०</td><td>२३७</td></tr></table> उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.२० हजार देखि ७५ लाख सम्मका जम्मा २३७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ७९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनुपर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भइ लागत प्रभावी नहुने तथा निमार्ण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनुपर्दछ । | |
| ५.८ | | | **खर्च बिश्लेषणः** पालिकाले यस बर्ष आन्तरिक आयबाट रु. २ करोड १९ लाख २० हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ५६ करोड ८२ लाख १७ हजार समेत रु.५९ करोड १ लाख ३८ हजार आम्दानी गरेकोमा चालु तर्फ रु.३९ करोड ५४ लाख ६६ हजार र पूँजिगत तर्फ रु.१६ करोड ३५ लाख ८८ हजार रु.५५ करोड ९० लाख ५४ हजार खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.९२ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु.१ करोड २० लाख ३६ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५४.९१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.७३ प्रतिशत चालु र २९.२७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा कम खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च कम गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ६ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ६.१ | | | **दरबन्दी पदपुर्ति —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वक्षेणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीउ अधिकृतसहित ९७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ८१ जना पदपूर्ति भएको विवरण प्राप्त भएको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकिय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित १६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ६.२ | | | **कर्मचारी करार—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नु पर्ने तर अस्थायी दरबन्दी भने सृजना गर्न नसकिने व्यवस्था छ । यद्यपि पालिकाले अनमी, कार्यालय सहयोगरी, प्राविधिक सहायक लगाएत पदमा १२९ जना कर्मचारीहरु करारमा राखि रु.३०७३३७७१.० खर्च लेखेको छ। कामको आवश्यकताको आधारमा मात्र ओएण्ड एम गरी कानुन बमोजिम पारदर्शी हिसाबले मात्र कर्मचारी भर्ना गर्नुपर्नेमा यसरी करारमा राख्नु उचित होइन । | |
| ६.३ | | | **तलवी प्रतिवेदन**-निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रु.२५५५१६००।२४ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ताभुक्तानी गर्नुपर्दछ । | |
| ६.४ | | | **कर्मचारी प्रोत्साहन भत्ता** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले शुलाफाँटा नगरपालिकाका कर्मचारीहरुको थप सेवा सुविधा तथा प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि, २०७६ अनुसार मासिक १० प्रतिशतका दरले रु. ५०९४३३३।९७ प्रोत्साहनभत्ता वितरण गरेको छ । पालिकाको आन्तरिक आम्दानी रु.२१९२०३३६.२३ रहेकोमा कर्मचारीको प्रोत्साहनमा मात्र २३.२४ प्रतिशत खर्च गरेको छ । पालिकाले यसरी थप १० प्रोत्साहन भत्ता दिदा पालिकालाई रु.५०९४३३३।९७ थप व्ययभार परेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.५ | | | **कर्मचरी कल्याणकारी कोष—** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलब बाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरण अनुदानको रकमबाट कर्मचारी कल्याण कोषमा रु.५ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कानून निर्माण भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाले अनुदान रकम सोझै कर्मचारी कल्याणकारी कोषमा ट्रान्सफर गर्ने भन्दा कानून निर्माण गरी योगदानमा आधारित रहि कोषमा रकम जम्मा गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले पालिका तथा मातहतको वडा कार्यालय, स्वास्थ्य संस्था आदि निकायमा यस वर्ष खाना तथा विविध तर्फ मात्र रु.३२३०९६४।० खर्च गरेको छ । जुन पालिकाको कुल आन्तरीक आम्दानी रु.२१९२०३३६।० को १४।७४ प्रतिशत हुन आउँछ । आन्तरिक आम्दानी वृद्धि गरेर मात्र खर्च परिपाटिको विकास गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ८ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**<br><br>पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ९ | | | **विद्यालय अनुगमन नियमन व्यवस्थाः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ मा माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १० | | | **जिन्सी तथा सम्पत्ति संरक्षण**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखीएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा ३ सदस्यीय समिति गठन गरी जिन्सीनिरीक्षण गर्न लगाई स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सोप्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ । नियमावली को नियम १०६(१) तथा १११(१,२,३,४,५,६ र ७) बमोजिम कार्यालयले पेस गरेको जिन्सि निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामग्रीहरुलाइ एक महिनाभित्र लिलाम प्रकृया सुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने सामाग्रीलाइ समिति बनाइ मिनाहा दिनुपर्ने व्यबस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सि निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका ४६ किसिमका २०० भन्दा बढि समान, १८ किसिमका १०० बढि सामाग्रीहरु जस्तै ल्यापटप, डेस्कटप, क्यामेरा आदि लगायतका समान मर्मत हुन नसक्ने भइ लिलाम गर्नुपर्ने भनि सिफारिस गरेको छ । उल्लेखित समानहरुलाइ नियमावलीमा भएको व्यबस्था बमोजिम लिलाम तथा मर्मत गरी कार्यालयले जिन्सि अद्यावधिक गर्नुपर्दछ ।<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सरकारी सामुदायिक तथा सार्वजानिक सम्पत्तिको रेखदेख, मर्मत संभार र संरक्षण गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजानिक सम्पत्तिको मर्मत तथा संभार गरेको अभिलेख राखेको पाइएन । | |
| ११ | | | **निजी विद्यालय व्यवस्थापनः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यस पालिकामा २५ वटा निजी विद्यालय रहेको अभिलेख प्राप्त भएको छ ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको छैन । | |
| १२ | | | **कोभिड १९ बाट प्रभावितलाई राहात वितरण**<br><br>कोभिड १९ बाट प्रभावित अति विपन्न परिवारलाइ राहात वितरण कार्यविधि २०७८ अनुसार कोभिड १९ बाट प्रभावित अति विपन्न परिवारलाइ सरकारले प्रतिपरिवार रु.१०,००० नगद वितरण गर्न पालिकालाई प्राप्त भएको रु. ८०,९०,०००।०० मध्ये ८०३ जनालाई रु. ८०,३०,०००।०० पाइयो । पालिकाले उपलब्ध गराएको विवरण अनुसार वडा नम्बर ६ मा २ जनाले मात्र राहत वितरण गरेको छ । कार्यविधि अनुसार वास्तविक पिडित पहिचान गरी समानुपातिक हुने किसिमले वितरण गर्नुपर्नेमा त्यस्तो भएको देखिएन सो कार्यमा सुधार हुनुपर्दछ । | |
| १३ | | | **धरौटि तर्फ**<br><br>४/०७८/०८/११ सार्बजानिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजस्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी फिर्ता दिंदा मूल्य अभिबृद्धि कर समायोजन पत्र र सो अनुसार मूल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइसकेछि मात्र धरौटी बापतको रकम फिर्ता दिने ब्यबस्था गर्न परिपत्र गरेकोमा पालिकाले निर्माण व्यबसायी श्री भगवती वील्डर्सलाई रु. ४०७८४ कर समायोजनको प्रमाण वेगर फिर्ता दिएकाले कर समायोजनको प्रमाण पेस हुनुपर्ने रु. | ४०,७८४ |
| १४ | | | **खरिद तथा ठेक्का अभिलेख** | |
| १४.१ | | | **ठेक्का अभिलेख**- महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको छ । परिपत्र पश्चात पालिकाले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा प्रयोग गर्नुपर्दछ । पालिकाले ठेक्कागत अभिलेख खाता म. ले. प. फा. नं. ५०६, ठेक्का सम्बन्धि गोश्वारा खाता म. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ले. प. फा. नं. ५०७ लगायतका फाराम तयार गरी राखे गरेको पाइएन । लेखापरीक्षणको क्रममा माग भए पश्चात मात्र आंशिक रुपमा विवरण तयार गरेको देखिएकाले ठेक्का र सोको अभिलेखका लागि आबश्यक म. ले. प. फा. को अनिवार्य प्रयोगमा ल्याउनु पर्दछ । | |
| १४.२ | | | **बार्षिक खरिद योजना/गुरुयोजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिएबमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६३५८८५३८।७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई मितव्ययी र पारदर्शी ढंगबाट खरिद कार्य गर्नु पर्दछ । | |
| १५ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १५.१ | | | **कानून र सञ्चालन स्थिति—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीयतहहरु ले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्डबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यसपालिकाले गत विगत आर्थिक वर्षदेखि हाल सम्म २३ वटा ऐन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १५.२ | | | **न्यायीक समिति—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फर्स्यौट नभई किनारा/टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको १५ गरी कुल १७ विवाद दर्ता भएकोमा १४ वटा फर्स्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| १६ | | | **पेश्की व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.१ | | | **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायतित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागि लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक कागजात संलग्न राखी फस्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायबमोजिमको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फस्यौंट नगरेकोले नियमानुसार पेश्की फस्यौंट गर्नुपर्दछ । | |
| १६.२ | | | **कार्यक्रम पेश्की-** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने ब्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौंट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौंटको लागि पेश गर्ने गरेको देखियो । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| १६.३ | | | **उपभोक्ता समितिलाई पेश्की -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम उपभोक्ता समितिहरुमार्फत् कार्यान्वयनमा ल्याईएका योजनाहरु बहुवर्षिय नहुने र चालु वर्षभित्र फछ्र्यौंट नहुने गरी पेश्की उपलव्ध गराउन नसकिने व्यवस्था छ । कार्यालयले आषाढ महिनामा मात्र उपभोक्ता समितिमार्फत सम्झौता गरी विभिन्न योजनाका लागि पेश्की दिई काम गराएको पनि देखियो । आ.व. को अन्त्यतिर पेश्की दिई काम गराउँदा गुणस्तरयुक्त काम नहुन सक्ने र अनुगमन मुल्याङ्कनमा पनि कठिनाई हुन सक्ने हुँदा यस्तो प्रकृयाबाट काम गराउने प्रकृयामा सुधार हुनुपर्दछ । | |
| १७ | | | **औषधी खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने व्यवस्था छ ।तर स्थानीय तहले उक्त प्रक्रियावेगर रु. ४०,५५,७९४.६२३ को औषधी सोझै खरिद गरेको छ ।यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • खरिद गरेका उक्त औषधीको औषधी उत्पादक कम्पनी खुल्दैन भने सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको एकिन हुन सकिएन,<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने स्वीकार टाँस गरेको पाइएन,<br>• आपुर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन,<br>• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको<br>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १८ | | | **औषधीको गुणस्तरः**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु. ४०,५५,७९४.६२३ बराबरको औषधि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ । | |
| १९ | | | **दरबन्दि भन्दा बढी स्वास्थ्य कर्मचारीः**<br><br>स्वास्थ्य तथा जनसंख्या मनत्रालयको स्वीकृत दरबन्दी तेरिज अनुसार तराईको स्वास्थ्य चौकीमा २ जना छैटौं तहका(हे.ई,क.न.),२ जना पाचौं तहका(हे.ई.) र २ जना चौथो तहका(हे.ई,क.न.) गरी जम्मा ६ जनाको दरबन्दी हुने र आवश्यकता अनुसार ल्याब असिष्टेन्ट र कार्यालय सहयोगी करारमा राख्न पाउने व्यवस्था रहेको छ ।पालिकाले देहाय बमोजिम विभिन्न स्वास्थ्य चौकीमा दरबन्दी भन्दा बढी कर्मचारी राखी तलब भत्ता भुक्तानी भएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.सं.</td><td colspan="8">पिपलाडी स्वास्थ्य चौकी</td></tr>
<tr><td rowspan="2">१</td><td>स्थाई दरबन्दी</td><td>स्थाई पदपुर्ति</td><td>स्थाई पदपुर्तिमध्ये बढी भएको</td><td>करार दरबन्दी</td><td>करार पदपुर्तिमध्ये बढी भएको</td><td>दरबन्दीभन्दा बढी भएको जम्मा</td><td>भुक्तानी रकम (पर्व भत्ता समेत)</td><td>कैफियत</td></tr>
<tr><td>६</td><td>८</td><td>२जना</td><td>२(आवश्यक्ता अनुसार ल्या.अ.र का.स.राख्न पाउने)</td><td>१ जना</td><td>३ जना</td><td>१२,६१,८८०.०</td><td>स्थायि पदपुर्तितर्फः१ जना छैटौं तहको बढी र कार्यालय सहयोगीको स्थायी दरबन्दी नभएकोले बढी भएको<br>करार पदपुर्तितर्फः १ जना अ.हे.व बढी भएको</td></tr>
<tr><td></td><td colspan="8">झलारी स्वास्थ्य चौकी</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ६ | ७ | **१ जना** | २(आवश्यक्ता अनुसार ल्या.अ.र का.स.राख्न पाउने) | - | **१ जना** | ४,९३,८७०.०० | **स्थायि पदपुर्तितर्फः**दुई जना छैटौं तहको(हे.ई,क.न.)हुनुपर्नेमा १ जना बढी भएको करार |
| | **पिताम्बर स्वास्थ्य चौकी** | | | | | | | |
| ३ | ६ | ७ | **१ जना** | २(आवश्यक्ता अनुसार ल्या.अ.र का.स.राख्न पाउने) | - | **१ जना** | ३,९२,६००.०० | **स्थायि पदपुर्तितर्फः**पाचौं तहको १ जना बढी भएको **करार** |
| | **जम्मा** | | | | | | **२१,४८,३५०.००** | |

पालिकाले दरवन्दीभन्दा वढी कर्मचारीलाई सरुवा सहमती दिई हाजिर गराएको पाईयो ।जसले गर्दा कर्मचारीको तलव भत्ता भुक्तानीमा कठिन भएको, पटक पटक स्वास्थ्य मन्त्रालयमा थप रकम निकासाको लागि पठाएको जानकारी हुन आयो ।दरबन्दी भन्दा बढी कर्मचारी रहँदा धेरै कर्मचारी जिम्मेवारी विहिन भई पालिका र अन्तरगतका स्वास्थ्य सस्थामा बसेको पाइयो ।हिमाली र पहाडी जिल्लाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपुर्ति नहुदा सामान्य स्वास्थ्य उपचार सेवा उपलव्ध गराउन कठिन भएको अबस्थामा जिम्मेवार विहिन रहने गरी सरुवा सहमती दिई हाजिर गराउनु उचित देखिदैन । दरबन्दी भन्दा बढी कुनै काम नै नहुने गरी सहमति दिनेलाई आइन्दा यस्तो सहमति नदिने सुनिश्चितता सहित सहमति दिइ सकेको सम्बन्धमा जिम्मेवार बनाउने

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ।थप स्वास्थ्यकर्मी आबश्यक भए ओ एण्ड एम गरी सो अनुसार आबश्यक प्रकृया पुरा गरी पदपूर्ति गर्ने तथा दरबन्दीभन्दा बढी कार्यरत कर्मचारीलाई अन्यत्र पठाउने व्यबस्था हुनुपर्दछ । | |
| २० | | | **स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रलाई अनुदानः**<br><br>नगरपालिकामा ३ स्वास्थ्य चौकी,९ आधारभूत स्वास्थ्य केन्द्र र २ शहरी स्वास्थ्य केन्द्र रहेका छन ।पालिकाले आ.व. २०७८/७९ मा स्वास्थ्य संस्था अनुदान वापत पिताम्बर स्वास्थ्य चौकीलाई रु.१४,२५,०००.००, पिपलाडी स्वास्थ्य चौकीलाई रु.२३,०६,०००.००,झलारी स्वास्थ्य चौकीलाई रु.१४,२५,०००.००,शहरी स्वास्थ्य केन्द्र बन्साहलाई रु.२५,६८,०००.००,शहरी स्वास्थ्य केन्द्र बेल्डाडीलाई रु.७,००,०००.०० र आधारभूत स्वास्थ्य केन्द्र दिपनगरलाई रु.५,००,०००.०० गरी कुल रु.८९,२४,०००.०० भुक्तानि गरेको पाईयो ।प्राप्त विवरण अनुसार आ.व.२०७८/७९ मा आन्तरिक आय रु.२,४५,००,०००.०० रहेकोमा स्वास्थ्य संस्था अनुदान मात्र ३६.४ प्रतिशत रहेको छ ।पालिकाले यसरी अनुदान वितरण गर्दा खर्चको आकार,आन्तरिक आम्दानी र राजश्वको क्षमतालाई विचार गरेर मात्र खर्च गर्नतर्फ विषेश ध्यान दिनुपर्दछ । साथै उक्त स्वास्थ्य चौकीलाई प्रदान गरेको अनुदानको खर्च सदुपयोग भए नभएको सो को लेखापरीक्षण,अनुगमन गरी प्रतिवेदन समेत प्राप्त हुनुपर्दछ । | |
| २१ | | | **स्वास्थ्य तर्फको तलबी प्रतिवेदन पारित नभएकोः**<br><br>कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले आ.व. २०७८/७९ को स्वास्थ्य सेवातर्फका ३६ कर्मचारीहरुको(आयुर्वेद सहित) तलवी प्रतिवेदन पारित नगरि रु २,०६,५६,२८२.३७ खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत एकिन हुन सकेन ।तलबि प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्नुपर्दछ । | |
| २२ | | | **बीउ र विषादि वितरण अनुदानः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले यस वर्ष कृषि अनुदान अन्तर्गत उन्नत जातको गँहुको बिउ वितरणतर्फ ८५ जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत कृषक समुह मार्फत रु.७,००,०००.००, तरकारीको बिउ वितरणतर्फ ८८ जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.१,७०,०००.०,च्याउको बिउ बितरणतर्फ ६९ जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.६८,०००.०० गरी कुल रु.९,३८,०००.०० खर्च गरेको पाईयो ।स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क,छनौटको मापदण्ड निर्धारण,लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको छैन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक तथा लाभग्राहीले अनुदान पाएको,एकै व्यक्तिले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।रोजगारी अभिवृद्धि हुने,उत्पादन वृद्धि हुने,नाफामूलक हुने र राजस्वमा योगदान पुग्ने नीति बनाएर मात्र अनुदान वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपुर्ति-<br><br>शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ।
<table>
<tr><th>विद्यालयको संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपुर्ति</th><th>पदपुर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th><th>प्रति शिक्षक बिद्यार्थी अनुपात</th></tr>
<tr><td>३२</td><td>१९९</td><td>१९९</td><td>३</td><td>९६२५</td><td>१:४८</td></tr>
</table></td><td></td></tr>
<tr><td>२४</td><td>३३७</td><td>२०७९-३-१६</td><td>विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमः<br><br>विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड,२०७८ को बुँदा ७.६ मा छात्रवृत्तिको उपलब्धता,प्रयोग,शैक्षिक निरन्तरता तथा शैक्षिक प्रगति सम्बन्धमा स्थानीय तहले आफै वा आफ्नो जनशक्ति परिचालन गरी अनुगमन गर्न गराउन सक्ने व्यवस्था रहेको छ।पालिकाले आ.व. २०७८/७९ मा कक्षा १०,११ र १२ मा अध्ययनरत १० विद्यालयका लागि शिक्षा तथा मानव श्रोत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विकास केन्द्रबाट छनौट भई आएका ८१ जना विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति वापत रु.२०,२२,०००.०० भुक्तानी गरेको पाईयो ।पालिकाले उक्त विपन्न लक्षित छात्रवृत्ति अनुदानको प्रभावकारिता,उपलब्धता,प्रयोग तथा शैक्षिक प्रगति सम्बन्धि अनुगमन गरी आर्थिक रुपले विपन्न तथा सिमान्तकृत समुदायका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउने भूमिका निर्वाह गर्नुपर्दछ । | |
| २५ | | | **समानिकरण अनुदानबाट शिक्षकलाई पारिश्रमिकः**<br><br>अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक श्रोतबाट तलब भत्ता व्यहोरेका ३२ वटा विद्यालयका १०१ शिक्षकहरुलाई शिक्षण सिकाई अनुदान र प्रति विद्यार्थी लागत अनुदान शीर्षक भनी वार्षिक तलब भत्ता बापत रु.१,०५,०७,४००.० भुक्तानी गरेको छ।पालिकाले समानिकरण अनुदानबाट निजि श्रोतका शिक्षकलाई प्रदान गरेको तलबभत्ता नियमित नदेखिएको रु. | १०,५०७,४०० |
| २६ | | | **पावर टिलर तथा मिनि टिलर खरिदः**<br><br>पालिकाले आ.व. २०७८/७९ मा गहुँ उत्पादान प्रबर्द्धन कार्यक्रम(बालि बिकास कार्यक्रम) पचास प्रतिशत अनुदान अन्तर्गत विभिन्न मितिमा रु.१०,००,०००.०० बराबरको १० थान पावर टिलर, केरा पकेट कार्याक्रम अन्तर्गत रु.२,४०,०००.०० बराबरको २ थान पावर टिलर र १ थान मिनि टिलर साथै तरकारी विकास कार्यक्रम अन्तर्गत रु.५,१०,०००.०० बराबरको ९ थान मिनि टिलर खरिद वापत कुल रु.१६,५०,०००.०० बराबरको १२ थान पावर टिलर र १० थान मिनि टिलर विभिन्न कृषक समुह तथा फर्मलाई भुक्तानी गरेको पाईयो।स्थानीय निकायले अनुदान वितरणका लागि कृषक समूह तथा फर्मको अद्यावधिक तथ्याङ्क,छनौटको मापदण्ड निर्धारण,लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको छैन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक समूह तथा फर्म लगायत लाभग्राहीले अनुदान पाएको,एकै समूह तथा फर्मले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।रोजगारी अभिवृद्धि हुने,उत्पादन वृद्धि हुने,नाफामूलक हुने र राजस्वमा योगदान पुग्ने नीति बनाएर मात्र अनुदान वितरण गर्नुपर्दछ ।अनुदानको रकमको उपयोग स्थिति सम्बन्धमा आवश्स्तता हुने आधार पालिकाले पेश गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>शिक्षक तलबी प्रतिवेदन पारित नभएकोः<br><br>राष्ट्रिय किताबखाना (शिक्षक) बाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले आ.व. २०७८/७९ को शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगरि रु.१०,८९,४८,५२३.४ खर्च लेखेको पाईयो। तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत एकिन हुन सकेन ।तलबि प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>अनुदानको अनुगमन र मूल्यांकनः<br><br>अनुदान वितरण गर्दा तोकिएको उदेश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम र वितरित अनुदानको प्रभावकारी अनुगमन र मूल्यांकन नहुने अवस्था छ ।अनुदानको उचित प्रयोग भए नभएको सम्बन्धमा अनुगमन र मूल्यांकन गरी अनुदानलाई एकद्वार प्रणाली मार्फत प्रवाह हुने अवस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>बीमा तथा नविकरण खर्च<br><br>कार्यालयले आफ्नो मातहतमा रहेका जिन्सी सामाग्री, सवारी सधान लगाएको लगत अध्यावधिक रुपमा राख्ने तथा नियमानुसार समयाबधि भित्रै वीमा नविकरण गर्ने गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा पालिका अन्तर्गतका देहायका सवारी साधनको बील बुक नविकरण गर्दा ढिलाई गरेको कारण रु.५३९९०।० जरिवाना भुक्तानी गरेको छ । कार्यालयमा रहेको सवारी साधन नविकरणमा ढिलाई गरेका कर्मचारीलाई जिम्मेवार बनाउँदै बढी व्यायभार परेको रकम नियमित गर्नुपर्ने रु.<table>
<tr><th>क्र.सं.</th><th>सवारी नं.</th><th>भुक्तानी रकम</th><th>जरिवाना</th></tr>
<tr><td>१</td><td>म-१-व ४५१</td><td>१६६२०.०</td><td>२६२०.०</td></tr>
<tr><td>२</td><td>म-१-व ४५२</td><td>१६६२०.०</td><td>२६२०.०</td></tr>
<tr><td>३</td><td>म-१-व ४५७</td><td>१६६२०.०</td><td>२६२०.०</td></tr>
</table></td><td>५३,९९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |

| | | | |
| --- | --- | --- | --- |
| ४ | म-१-व ४५६ | १६६२०.० | २६२०.० |
| ५ | म-१-व ४५३-४५५ | ४९८६०.० | ७८६०.० |
| ६ | म-१-व ४५८ | १६६२०.० | २६२०.० |
| ७ | म-१-व ४५९-४६० | ३३२४०.० | ५२४०.० |
| ८ | म-१-व ३२३-३२४ | २५८००.० | ५८००.० |
| ९ | म-१-व २७३ | १६२००.० | ३७००.० |
| १० | म-१-व ४१३ | ६३००.० | १३००.० |
| ११ | सु.प. प्रदेश ०२-००१-ब-०५६६ | ११३४०.० | २३४०.० |
| १२ | सु.प.प्रदेश ०२-००१-ब-५८० | ६०५०.० | ५५०.० |
| १३ | से-१-व २५९ | १२९००.० | २९००.० |
| १४ | म-१-व १९७ | १२९००.० | २९००.० |
| १५ | म-१-व ४११ | १२९००.० | २९००.० |
| १६ | म-१-झ ९६ | १३२००.० | १२००.० |
| १७ | म-१-ग ७९ | १५००.० | १५००.० |
| १८ | म-१-झ | १२००.० | १२००.० |
| १९ | म-१-ग ७९ | १६५००.० | १५००.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td>३०२९९०.०</td><td>५३९९०.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>

**खेलकुद कार्यक्रम**

सार्वजनिक निकायले सरकारी रकमको खर्च गर्दा मितव्यायिता, प्रभावकारिता र प्रतिफल प्राप्त हुने गरी खर्च गर्नुपर्दछ । पालिकले सोही अनुसार खेलकुद क्षेत्रको विकासको लागि खेलकुद कार्यक्रम र पूर्वाधार निर्माणमा जोड दिनु पर्नेमा वडाबाट टुक्रे रुपमा बजेट विनियोजन गरी वडा तहबाट नै खेलकुद सामाग्री खरिद गरी विवरण गरेको आधारमा देहायबमोजिम रु.७९९००९.० खर्च लेखेको छ । पालिकामा कुनै खेलकुद प्रतियोगित सञ्चालन नभएको तथा खरिद गरिएका सामाग्री वितरण गर्दा पनि उचित आधार र मापदण्ड वेगर नै वितरण गरेको देखियो । यस्तो खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउँदै अनुत्पादक खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>९७५-१।६</td><td>खेलकुद सामाग्री, खेलकुद प्रवर्घन तथा प्रतियोगिता सञ्चालन</td><td>४९९५७०.०</td><td>२३ प्रकारका सामाग्री खरिद गरी ३ संस्थालाई वितरण गरेको</td></tr>
<tr><td>९८२-१।६</td><td>खेलकुद सामाग्री वितरण</td><td>९९४४०.०</td><td>सामाग्री खरिद वितरण</td></tr>
<tr><td>११९६-२।३०</td><td>युव तथा बालबालिका खेलकुद सामाग्री</td><td>९९९९९.०</td><td>सामाग्री खरिद वितरण</td></tr>
<tr><td>१३७८-३।१९</td><td>खेल सामाग्री खरिद तथा खेल प्रवर्द्धन कार्यक्रम</td><td>१०००००.०</td><td>म्याट खरिद गरी वितरण</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td>७९९००९.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
विउ विजन र पशु चौपाय अनुदान
<br><br>
पालिकाले देहायबअनुसार विउ विजन तथा पशु चौपाया अनुदानमा वितरण गरेको छ । यसरी वितरित पशु चौपायाको पशु वीमा गरेको देखिदैन । साथै यसरी वितरित वीउ विजन तथा पशु चौपायाको हालको अवस्था, प्राप्त उपलब्धि तथा कार्यक्रमको दिगोपनाको सम्बन्धमा पालिकामा कुनै पनि अभिलेख राखेको छैन । जसबाट एकै कार्यक्रममा पुन आगामी वर्षमा पनि सोही व्यक्तिलाई नै अनुदानमा दोहोरोपना हुने तथा कार्यक्रमले पनि प्रभावकारीता हासिल गर्न नसक्ने जोखिम रहने हुँदा वितरणमुखि भन्दा उत्पादनमुखी कार्यक्रममा जोड दिदैं वितरित वीउ विजन र पशु चौपायाको सहि उपयोग भएकोमा अनुगमन, निरीक्षण र अभिलेखन गर्नेतर्फ पालिकाले जोड दिनुपर्दछ ।
<table>
<tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>वितरित संख्या</th><th>रकम</th></tr>
<tr><td>३२८-८।२७</td><td rowspan="2">कृषि क्षेत्रमा कृषकलाई वीउ विजन अनुदान</td><td>७३५० के.जी.</td><td>२४९९००.०</td></tr>
<tr><td>१३१०-३।१५</td><td>६२१० के.जी.</td><td>२१५०७३.०</td></tr>
<tr><td>१४१२-३।२०</td><td>दलित गरिव अति विपन्न महिलालाई उन्नत जातका बाख्रा वितरण</td><td>२४ बाख्रा</td><td>४०००००.०</td></tr>
<tr><td>१४२३-३।२१</td><td>शहिद परिवार सम्मान तथा बाख्रा वितरण</td><td>१० वटा बाख्रा</td><td>१०००००.०</td></tr>
<tr><td>१४२४-३।२१</td><td>दलित विपन्न तथा एकल विपन्न महिलालाई बाख्रा वितरण</td><td>४० वटा बाख्रा</td><td>५०००००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>वडा तर्फबाट विद्यालयलाई अनुदान</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुन वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो । जसबाट एउटै विद्यालयमा समान क्रियकलाप सञ्चालनको लागि पालिकाको रकम नै फरक फरक गरि वितरण गर्दा अनुदानमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन । पालिका अन्तर्गत ३२ सामुदायिक विद्यालय सञ्चालन रहेकोमा पालिकाले शसर्त दरबन्दी बाहेक निजि शिक्षकलाई प्रोत्साहनको लागि रु.१ करोड १० लाख बजेट विनियोज गरी रु.१ करोड ७ लाख खर्च गरेको छ । त्यसको अतिरिक्त वडा तर्फको बजेटमा विद्यालयलाई शैक्षिक गुणस्तर सुधार, शैक्षिक स्तर उन्नति, जनशक्ति र आवश्यक अन्य खर्च लगाएतका कार्यक्रम राखि विद्यालयले पेश गरेको प्रस्तावनाका आधारमा देहायबमोजिम २६ विद्यालयलाई रु.९९ लाख ३० हजार रकम निकासा गरेको छ । विद्यालयले पेश गरेको प्रस्तावनामा अधिकांश विद्यालयले निजी शिक्षक व्यवस्थापनमा तसर्थ क्षेत्रगत वजेटलाई एकद्वार प्रणालीबाट खर्च गर्नेतर्फ ध्यान दिई खर्चको उपयोगिता र औचित्यता समेत हेरी अनावश्यक अनुदान नियन्त्रण समेत गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>वडा नं.</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कृष्ण आधारभुत विद्यालय</td><td>१</td><td>शिक्षण अनुदार तथा घरबार निर्माण</td><td>२०००००.०</td></tr>
<tr><td>२</td><td>जनचेतना आधारभुत विद्यालय</td><td>१</td><td>शिक्षण अनुदान तथा खेल मैदान निर्माण</td><td>२०००००.०</td></tr>
<tr><td>३</td><td>श्रीराम आधारभुत विद्यालय</td><td>१</td><td>शिक्षण अनुदान</td><td>५००००.०</td></tr>
<tr><td>४</td><td>श्री शिद्द वैझनाथ माध्यमिक विद्यालय</td><td>२</td><td>शैक्षिक स्तर उन्नतीका लागि अनुदान</td><td>२९५०००.०</td></tr>
<tr><td>५</td><td>श्री कृष्ण आधारभुत विद्यालय</td><td>२</td><td>शैक्षिक स्तर उन्नतिका लागि अनुदान</td><td>१५००००.०</td></tr>
<tr><td>६</td><td>श्री बैजनाथ आधारभुत विद्यालय</td><td>२</td><td>शैक्षिक स्तर उन्नतिका लागि अनुदान</td><td>३७५०००.०</td></tr>
<tr><td>७</td><td>जनज्योती आधारभुत विद्यालय</td><td>३</td><td>विद्यालय भित्र खेल मैदान अनुदान</td><td>३०००००.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | कालिका माध्यमिक विद्यालय | ४ | शैक्षिक गुणस्तर सुधार अनुदान | २०००००.० |
| ९ | राष्ट्रिय माध्यमिक विद्यालय | ४ | शैक्षिक गुणस्तर सुधार अनुदान | २०००००.० |
| १० | वैजनाथ माध्यमिक विद्यालय | ५ | शैक्षिक गुणस्रत सुधार अनुदान | १५००००.० |
| ११ | बैजनाथ माध्यमिक विद्यालय | ६ | शैक्षिक गुणस्तर जनशक्ति व्यवस्थापन | २५००००.० |
| १२ | कृष्ण माध्यमिक विद्यालय | ७ | शैक्षिक गुणस्रत सुधार अनुदान | १००००००.० |
| १३ | धर्म जनता माध्यमिक विद्यालय | ७ | शैक्षिक गुणस्रत सुधार अनुदान | १३०००००.० |
| १४ | शान्ति आधारभुत विद्यालय | ७ | शैक्षिक गुणस्रत सुधार अनुदान | १५००००.० |
| १५ | धर्म जनता माध्यमिक विद्यालय | ८ | जनशक्ति र आवश्यक अन्य खर्च | २०००००.० |
| १६ | जनभावना आधारभुत विद्यालय | ८ | जनशक्ति र आवश्यक अन्य खर्च | ४०००००.० |
| १७ | पञ्चकोटी मणिकाधाम आधारमुत विद्यालय | ८ | जनशक्ति र आवश्यक अन्य खर्च | २०००००.० |
| १८ | वैजनाथ आधारभुत विद्यालय | ८ | जनशक्ति, कम्प्युटर, खेल शिक्षक र आवश्यक अन्य खर्च | ५०००००.० |
| १९ | सिद्दनाथ माध्यमिक विद्यालय | ८ | जनशक्ति र आवश्यक अन्य खर्च | ५०००००.० |
| २० | बसिग्राम माध्यमिक विद्यालय | ९ | निजी शिक्षकलाई सिकाई सुधार अनुदान | ४०००००.० |
| २१ | मंगल आधारभुत विद्यालय | ९ | निजी शिक्षकहरुलाई सिकाई सुधार अनुदान | १५००००.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२२</td><td>झलारी कृष्ण माध्यमिक विद्यालय</td><td>१०</td><td>अनुदान सहयोग</td><td>७०००००.०</td></tr>
<tr><td>२३</td><td>दशरथ आधारभुत विद्यालय</td><td>११</td><td>अनुदान</td><td>४०००००.०</td></tr>
<tr><td>२४</td><td>दिपनगर आधारभुत विद्यालय</td><td>११</td><td>अनुदान</td><td>४०००००.०</td></tr>
<tr><td>२५</td><td>सरस्वती माध्यमिक विद्यालय</td><td>११</td><td>अनुदान</td><td>८०००००.०</td></tr>
<tr><td>२६</td><td>सिद्धभिम आधारभुत विद्यालय</td><td>११</td><td>अनुदान</td><td>४०००००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>९९३००००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
गैरसरकारी संस्थाबाट कार्य<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा गैरसरकारी संस्थासँग सम्झौता गरी संचालन गरेका देहायबमोजिका कार्यक्रममा तालिम पश्चात एकमुष्ट रुपमा मुल्य अभिवृद्धि कर विजक बेगर फुटकर विल विजकको आधारमा रकम भुक्तानी गरेको छ । नियमावलीको व्यवस्था विपरित एकमुष्ट रुपमा मु.अ.कर विजक बेगर रकम भुक्तानी भएको छ । मु.अ.करमा दर्ता भएको संस्था संग मात्र कारोबार गर्नुपर्दछ । ( यसरी भुक्तानी गर्दा १५ प्रतिशत करकट्टी गर्ने गरेको प्रतिक्रिया पालिकाले दिएको छ । )
<table>
<tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>संस्था</th><th>रकम</th></tr>
<tr><td>९७२-१।५</td><td>एच.आई.भी एड्स कार्यक्रम</td><td>सचेतन नारी समाज</td><td>२०००००.०</td></tr>
<tr><td>९७८-१।६</td><td>कम्प्युटर तालिम</td><td>युनाइटेड कम्प्युटर एण्ड ल्याङ्गेज इन्ष्टिच्युड</td><td>१०००००.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९८६-१।६</td><td rowspan="4"></td><td>नागार्जुन कम्प्युटर इन्ष्टिच्युड</td><td>१०००००.०</td></tr>
<tr><td>९९०-१।६</td><td>सुदुरपश्चिम आई टी सेन्टर</td><td>१०००००.०</td></tr>
<tr><td>११९२-२।३०</td><td>सि.सि.टि. कम्प्युटर एजुकेशन</td><td>२०००००.०</td></tr>
<tr><td>१४२७-३।२१</td><td>युनाइटेड कम्प्युटर एण्ड ल्याङ्गेज इन्ष्टिच्युड</td><td>२०००००.०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९०००००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन खर्च<br><br>
पालिका अन्तर्गत संचालित देहायबमोजिमका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालनको लागि पालिकाबाट स्वास्थ्य कर्मीको लागि पारिश्रमिक सुविधा उपलब्ध गराएको, मसलन्द तथा कार्यालय व्यवस्थापन सामाग्री खरिद, आवश्यक औषधि तथा औषधिजन्य सामाग्री खरिद गरी हस्तान्तरण गरेको अवस्थामा पुन वडागत रुपमा बजेट विनियोजन गर्ने तथा संस्थाले पेश गरेको प्रस्तावनाको आधारमा रु.८५५०००००.० अनुदानको रुपमा निकासा गरेको छ । एकमुष्ट आर्थिक वर्षको अन्तमा स्वास्थ्य चौकीले विल भर्पाई लगाएतका कागजात पेश गर्ने गरेको छ । पालिकाले एकमुष्ट रुपमा बजेट विनियोजन गरी स्वास्थ्य सेवा लाई प्रभावकारी, सरल र सहज बनाउनुपर्नेमा वडागत रुपमा पहुँचको आधारमा स्वास्थ्य संस्थामा बजेट विनियोजन भएको देखिन्छ । समान प्रकृतिको कार्य गर्ने गरी हरेक वडामा स्थापित आधारभुत स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन अनुदानको रुपमा प्रति केन्द्र न्यूनतम रु.१ लाख ५० हजार देखि अधिकतम रु.२० लाख सम्म अनुदान उपलब्ध गराएको छ । समान कार्य, दरबन्दी, कार्यक्षेत्र भएको स्वास्थ्य संस्थामा बजेट विनियोजनमा फरक पारी अनुदान उपलब्ध गराउनु औचित्यपूर्ण देखिदैन ।<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>आधारभुत स्वास्थ्य चौकी</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. १</td><td></td><td>५५००००.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. २ | संचालन तथा व्यवस्थापन अनुदान | ४३००००.० |
| ३ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. ३ | | ३५००००.० |
| ४ | स्वास्थ्य चौकी वडा नं. ४ | | २०००००.० |
| ५ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. ५ | | २००००००.० |
| ६ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. ५ | विशेषज्ञ शिविर संचालन | १००००००.० |
| ७ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. ५ | पोषण प्रवर्द्धन तथा आमा समूह पुनर्गठन र प्रशिक्षण | ३०००००.० |
| ८ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. ६ | संचालन तथा व्यवस्थापन अनुदान | ३०००००.० |
| ९ | स्वास्थ्य चौकी वडा नं. ७ | | ५०००००.० |
| १० | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. ८ | | ६२००००.० |
| ११ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. ९ | | १५००००.० |
| १२ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. १० | | ०.० |
| १३ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं.११ | | १४०००००.० |
| १४ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. १२ | | ७५००००.० |
| | जम्मा | | ८५५००००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **महिला स्वास्थ्य स्वयंसेविकालाई अवलोकन भ्रमण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(८) अनुसार कुनै कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको समग्र अवस्था देखिने गरी प्रतिवेदन पेश गर्नुपर्दछ । पालिकाले महिला स्वास्थ्य स्वयंसेविकालाई अवलोकन भ्रमण कार्यक्रम अन्तर्गत मन्जु कुमारी साउद कार्कीलाई रु.७००००।० भ्रमणको लागि भुक्तानी गरेको छ । भुक्तानी भएको रकम खाजा, खाना, पानी, गाडी भाडा आदिमा खर्च भएको विल भर्पाइ पेश भएतापनि अवलोकन भ्रमणको आवश्यकता तथा औचित्यता पुष्टि हुने कुनै प्रमाण लेखापरीक्षणको क्रममा उपलब्ध भएन । अत अवलोकन भ्रमणको औचित्य र उद्देश्य पुष्टि गर्ने गरी समग्र कार्यक्रमको खर्चको प्रतिवेदन पेश गर्नुपर्ने रु. | ७०,००० |
| ३६ | ११४५, १४८० | | **कार्यालय हेराला पारिश्रमिक भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले करार सेवा शुल्क शिर्षकबाट ठेक्का नं.१४-२०७७।०७८ जि.के कन्ष्ट्रक्सनले निर्माण गरिरहेको वडा नं. ९ कार्यालय सिसैवाको निर्माणाधिन भवन निर्माण कार्य तथा निर्माण सामाग्री रेखदेखको लागि दैनिक ज्यालादारीमा सुरेन्द्र बहादुर ऐरलाई नियुक्त गरी रु.१८१५००।० भुक्तानी गरेको छ । बोलपत्र विधिबाट निर्माण भैरहेको तथा निर्माण कार्य सम्पन्न नभएको तथा कार्यालय हस्तान्तरण पनि नगरेको अवस्थामा निर्माण व्यवसायीको निर्माण सामाग्रीको चौकीदारीको लागि पालिकाले कर्मचारी खटाइ पारिश्रमिक भुक्तानी गर्नु उचित देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>

**सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । सोही ऐन नियमको परिधि भित्र रहि पालिकाले सेवा प्रवाह गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाबाट प्रवाह भएको सेवा विवरण निम्नानुसार रहेको छः

<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>२८</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१८८३</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२६६</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>४४०</td></tr>
<tr><td>विवाह दर्ता</td><td>४९१</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>६</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>१.२५२ कि मि</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>0</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>ग्राभेल सडक निर्माण</td><td>३२.५३ कि मि</td></tr><tr><td>ग्राभेल सडक पानी पिच</td><td>२.७७ कि मि</td></tr></table>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>गत आर्थिक वर्षको भुक्तानी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३७(१३) अनुसार तोकीएको शिर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा भुक्तानी बाँकी विवरण भरी आगामि आर्थिक वर्षमा भुक्तानी गर्न सकिने व्यवस्था छ । तर यसरी भुक्तानी गर्दा उपनियम १५ मा तोकिएका (तलब, महंगी भत्ता, स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, भाडा, स्वीकृत कार्यक्रम अन्तर्गतको सम्झौता रकम आदि) कार्यक्रममा मात्र भुक्तानी बाँकी भरी भुक्तानी दिन सकिने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>३८.१</td><td></td><td></td><td>पत्र पत्रिका छपाइ - खर्च पालिकाले पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन कार्यक्रबाट भुक्तानी बाँकी विवरण प्र.प्र.अ. बाट स्वीकृत गरेको आधारमा रु.९६७७००.० यस आर्थिक वर्षमा भुक्तानी गरेको छ । यसरी भुक्तानी गरेको पत्रपत्रिकामा प्रकाशित सामाग्री अधिकांश सुभकामना सन्देश मात्र रहेको देखिन्छ । संलग्न कागजातमा कार्यालयसंगको सम्झौताको प्रति संलग्न भएतापनि सम्बन्धित सुचना पालिकाले प्रकाशन गर्नको लागि पत्र काटेको तथा कुन मितिमा कुन साइजमा प्रकाशन गर्ने भनि उल्लेख भएको छैन । जस अनुसार पत्रिकाले आफूखुसी सूचना प्रकाशन गर्ने तथा पालिकाले बजेटले सोही अनुसार साइज समय नै एकिन नगरी सम्झौता गर्दा सुचना प्रकाशनमा मात्र अत्याधिक मात्रामा दायित्व आगामी वर्षमा सर्ने गरेको देखिएकोले यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.२ | | | **भत्ता भुक्तानी —** स्थानीय तहका पदाधिकारीलाई सेवा सुविधा तथा भत्ता भुक्तानी गर्दा प्रदेश कानून अनुसार तोकीए बमोजिम मात्र भुक्तानी गर्नुपर्दछ । जस अनुसार सुदुरपश्चिम प्रदेश सेवा सुविधा सम्बन्धि ऐन, २०७५ लागू गरेको छ । पधारीकालाई सोही ऐन अनुसार मात्र सेवा सुविधा भुक्तानी गर्नुपर्नेमा विगत वर्षको वैठक भत्ता भुक्तानी बाँकी विवरण प्रमाणित नगरी बजेटमा नै गत आवको छुट विभिन्न समितिको बैठक भत्ता कार्यक्रम राखि कार्यपालिकाको निर्णयानुसार ऐनमा भएको व्यवस्था विपरित भुक्तानी भएको देहायबमोजिमको रु.१४५८५००.० बैठक भत्ता नियमसम्मत मान्न नसकिएको रु. | १,४५८,५०० |

| भौ.नं. | कार्यक्रम | सहभागि | रकम | कैफियत |
|---|---|---|---|---|
| ५-७।११ | DPR निर्माण प्रस्तावना मुचुल्का तथा मूल्यांकन समिति | १४ जना १५ बैठक | १७७५००.० | |
| ८८-७।११ | खरिद इकाईको बैठक भत्ता | १८ जना १५ बैठक | २०९०००.० | |
| | टेण्डर खोल्ने मुचुल्कामा उपस्थित मुल्यांकन समितिको बैठक भत्ता | २८ जना १९ बैठक | ३१६०००.० | |
| ८९-७।११ | आर्थिक विकास समितिको बैठक भत्ता | २५ जना १२ बैठक | १७७०००.० | |
| ९१-७।१२ | लेखा समिति बैठक भत्ता | १३ जना ९ बैठक | १५२५००.० | |
| १५९-७।२६ | पूर्वाधार विकास समिति बैठक भत्ता | १२ जना ५ बैठक | ७०५००.० | |
| २२६-८।५ | सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण समिति बैठक भत्ता | १५ जना ९ वैठक | १३४०००.० | |
| २१५-८।१ | २०७७।७८ को तेस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता वितरणमा खटीएका पदाधिकारीलाई भत्ता | प्रमुख उपप्रमुख सहित १७ जना | २२२०००.० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td>पदाधिकारीलाई भत्ता भुक्तानी</td><td></td><td></td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>१४५८५००.०</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>नगदी रसिदको अभिलेख<br><br>कार्यालयको राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यबस्था छ । पालिकाबाट रसिद ठेलीहरु छपाएर वडाहरूमा वितरण गरेर सोको अभिलेख राख्नुपर्ने व्यबस्था छ । वडागत रुपमा रु. १२०,५०,०९१ राजस्व संकलन भएको देखिन्छ । कार्यालयले समय-समयमा वडा कार्यालयहरुमा अनुगमन निरीक्षण गरी नगदी रसिद प्रयोगको अवस्था बुझेको पाइएन । यस्तो अवस्थामा पालिकाले सबै आय यथार्थ रुपमा असुल गरी दाखिला गरेको छ भन्ने अबस्था एकिन गर्न सकिएन । यसमा तत्काल सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>ढिला राजश्व दाखिला - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ।यस पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखेकोले नियम अनुसार बाँकि रकममा ब्याज समेत थप गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु.<br><br><table><tr><td>वडा नं. १ निरज धामी</td><td>जरिवाना</td></tr><tr><td></td><td></td></tr></table></td><td>५९,९३०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र.सं.</td><td>मिति देखि</td><td>मिति सम्म</td><td>रसिद नं.देखि</td><td>रसिद नं.सम्म</td><td>दाखिला मिति</td><td>जम्मा रु.</td><td rowspan="6">४५९१</td></tr>
<tr><td>1</td><td>2078-12-01</td><td>2078-12-30</td><td>1</td><td>22</td><td>2079-02-16</td><td>4,750</td></tr>
<tr><td>२</td><td>2079-01-01</td><td>2079-01-31</td><td>23</td><td>63</td><td>2079-02-16</td><td>10,870</td></tr>
<tr><td>३</td><td>2078-12-08</td><td>2078-12-17</td><td>3355</td><td>3400</td><td>2079-02-16</td><td>10,260</td></tr>
<tr><td>४</td><td>2079-02-01</td><td>2079/02/31</td><td>75,64</td><td>125,77</td><td>2079-03-23</td><td>20,030</td></tr>
<tr><td colspan="7">जम्मा ४५,९१०</td></tr>
</table>
<table>
<tr><td colspan="8">वडा नं.४ धाना कुमारी जोशी</td></tr>
<tr><td>क्र.सं.</td><td>मिति देखि</td><td>मिति सम्म</td><td>रसिद नं.देखि</td><td>रसिद नं.सम्म</td><td>दाखिला मिति</td><td>कुल जम्मा रु.</td><td>जरिवाना</td></tr>
<tr><td>१</td><td>2078-07-01</td><td>2078-07-30</td><td>8030</td><td>28213</td><td>2078-11-02</td><td>44,370</td><td rowspan="2">4437</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>44,370</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| वडा नं. ७ महेश भट्ट | | | | | | | जरिवाना |
|---|---|---|---|---|---|---|---|
| क्र.सं | मिति देखि | मिति सम्म | रसिदनं.देखि | रसिद नं.सम्म | दाखिला मिति | जम्मा | २८,५९७ |
| 1 | 2078-04-01 | 2078-06-31 | 901 | 1000 | 2078-07-16 | 118,010 | |
| 2 | 2078-07-01 | 2078-08-30 | 2001, 11007 | 2100, 12122 | 2078-12-15 | 60,784 | |
| 3 | 2078-09-01 | 2078-02-11 | 2701, 3601, 3401 | 2800,3700,3500 | 2079-02-18 | 107,180 | |
| | | | | | | | |
| जम्मा २८५९७४ | | | | | | | |

| वडा नं. ८ नारायण दत्त जोशी | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मिति देखि | मिति सम्म | रसिद नं.देखि | रसिद नं.सम्म | दाखिला मिति | जम्मा रु. | जरिवाना |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see tables below) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | 2078-05-01 | 2078-07-30 | 12,006 | 14,357 | 2078-11-18 | 46,289 | 4628 |
| जम्मा | | | | | | 46,289 | |

**वडा नं. ९ डम्मर जोशी**

| क्र.सं. | मिति देखि | मिति सम्म | रसिद नं.देखि | रसिद नं.सम्म | दाखिला मिति | जम्मा रु. | जरिवाना |
|---|---|---|---|---|---|---|---|
| १ | 2078-07-03 | 2078-11-29 | 1501,2801 | 1600,2900 | 2079-01-02 | 75,290 | 10,979 |
| 2 | 2078-04-09 | 2078-05-22 | 101 | 110 | 2079-03-24 | 34,500 | |
| जम्मा | | | | | | 109,790 | |

**वडा नं. १० देव दत्त पन्त**

| क्र.सं. | मिति देखि | मिति सम्म | रसिद नं.देखि | रसिद नं.सम्म | दाखिला मिति | जम्मा रु. | जरिवाना |
|---|---|---|---|---|---|---|---|
| १ | 2078-१०-२५ | 207९-०२-१६ | २५०१ | २६०० | 207९-०३-३० | २6,३२४ | २6३२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td>२6,३२४</td><td></td></tr>
</table>
<table>
<tr><th colspan="8">वडा नं. ११ अम्मरा कुमारी जोशी</th></tr>
<tr><td>क्र.सं.</td><td>मिति देखि</td><td>मिति सम्म</td><td>रसिद नं.देखि</td><td>रसिद नं.सम्म</td><td>दाखिला मिति</td><td>जम्मा रु.</td><td>जरिवाना</td></tr>
<tr><td>१</td><td>2078-०८-०८</td><td>207९-0९-0१</td><td>२२०१</td><td>२३००</td><td>207८-0९-३0</td><td>४0,६६५</td><td rowspan="2">४0६६</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>४0,६६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>निरीक्षण नभएको<br><br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अवस्था देखिएन । साथै राजस्व प्राप्त गर्न राख्नुपर्ने मलेप फारामहरु पनि राखेको पाइएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.१२०,५०,०९१।०० यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भनी एकिन हुन सकिएन यस सम्बन्धमा पालिकाले एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन । | |
| ४२ | | | **निर्माण कार्यसंग सम्वन्धित कागजात**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा निर्माण व्यवसायीले भुक्तानीका लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुने बिल बीजकमा कम्तीमा उल्लेख हुनु पर्ने कुराको व्यवस्था गरेको छ । पालिकामा निर्माण कार्यको भुक्तानीका लागि पेश हुने नापी किताव ठेक्का बील कार्यसम्पन्न लगायतका कागजातहरुमा सम्झौता मिति नापी लिएको मिति कार्य सम्पन्न हुनु पर्न मिति कार्यसम्पन्न भएको मिति उल्लेख गर्ने गरेको पाईएन । जसवाट निर्माण व्यवसायी एवं उपभोक्ताबाट कार्यसम्पन्न भएको मिति एकिन गर्न नसकिएको कारण त्रुटि सच्याउने अवधि कार्यसम्पादन जमानत लिनु पर्ने अवधि एकिन गर्न सकिएन । यस्तो निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेता पनि पालिकाबाट समय भित्रै कार्यसम्पन्न भएको देखिने गरी अभिलेख तयार गरिदिने गरेको कारण निर्माण व्यवसायी जरिवानाबाट उन्मुक्ती पाउने अवस्था देखियो । यस तर्फ पालिकाले विशेष ध्यान दिदै आगामी दिनमा सुधार गरी काम गर्नु पर्दछ। | |
| ४३ | | | **उपभोक्ता समितिलाई ओभरहेड भुक्तानी**<br><br>वडा नं १ को खजुवा पट्टी देखि लौटा हुदै वडा नं १२ को सिमाना सम्म सडक ग्राभेल कार्य अन्तर्गतको वाटो वरावर गर्ने कामको दररेट प्रति १० घनमिटरको रु ९१.७८ मात्र हुनेमा ओभरहेड समेत रु १०५.५५ का दरले भुक्तानी दिएका कारण प्रति घनमिटर रु १.३७७ का दरेले वढी भुक्तानी हुन गएकोले ३०४८ वर्ग मिटरको रु ४१९७। असुल हुनु पर्ने रु | ४,१९७ |
| ४४ | | | **सडक गुरुयोजना र अभिलेख**<br><br>पालिकाले आफ्नो क्षेत्र भित्रका सडकको अभिलेख राखी ति सडकहरुको निर्माण स्तरोन्नती मर्मत संभार तथा संचालनको उचित प्रवन्ध गर्नु पर्दछ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथमिकताको आधारमा वर्गीकरण गरी सोही वमोजिम | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सडक निर्माण स्तरोन्नती तथा मर्मत सम्वन्धमा सडक गुरु योजन तयार गरी सोही वमोजिम कार्य हुनु पर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समिति एवं निर्माण व्यवसायी मार्फत सडक निर्माण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखियो । | |
| ४५ | | | **तरकारी खेति वीउ विजन हस्तान्तरण**<br><br>१६४।२०७९।१।६ पालिकावाट लक्षित वर्गका लागि भनी तोकिएका सेवाहरु प्रवाह गर्दा अधिकतम सहभागितामा न्यायोचित हुने गरि वितरण गरिनु पर्दछ । पालिकाले कृषकहरुलाई तरकारी खेती वीउ विजन हस्तान्तरण कार्यक्रम अन्तर्गत वन्दा ,खोर्सानी, काँक्रा, गोलभेड लगायतका तरकारीको वीउ कञ्चन कृषि वस्तु उत्पादन संकलन तथा प्रशोधन केन्द्र झलारीवाट रु १२१०००। मा खरिद गरी वडा नं १० का ४ जना कृषकहरुलाई वितरण गरेको पाईयो । कृषक छनौटको आधार पेश गरेको छैन भने अत्यन्त न्यून सहभागितामा कार्यक्रम संचालन गरेको कारण कार्यक्रम प्रभावकारी रुपमा संचालन भएको देखिएन । | |
| ४६ | | | **पाईप जडान**<br><br>८०।२०७८।११।१३ सावजिनक खरीद नियमावली, २०६४ को नियम ५क मा सार्वजनिक निकायका प्रमुखले कुनै मालसामान खरिद गर्नु अघि ऐनको दफा दफा ४ बमोजिम स्पेसिफिकेसन योजना नक्सा डिजाइन विशेष आवश्यकता वा अन्य विवरण तयारर गर्नु पर्ने र नियम ११७(१) अनुसार सावजिनक निकायले सम्पन्न भएको निर्माण कार्य आपूर्ति गरिएको मालसामान स्वीकर्दा सो को प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले वडा नं १० का लागि विभिन्न साईजका १५ थान ह्युम पाईपहरु खरिद गरी रु ४४१८३०। भुक्तानी दिएकोमा स्पेशिफिकेशन वमोजिमका सामान प्राप्त भए नभएको प्रमाण एवं ति पाईपहरु जडान भएको विवरण पशे भएको पाईएन । अत तोकिएको स्पेसिफिकेशन बमोजिम समान प्राप्त भएको प्रमाण साथ जडान भएको प्रमाण पेश गर्नु पर्ने रु | ४४१,८३० |
| ४७ | | | **कालो सुचीमा नराखेको**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता खरिद सम्झौता गर्न नआएमा एक वर्ष देखि तीन वर्ष सम्म कालो सूचीमा राख्न सकिने व्यवस्था छ । वडा नं १० मा नाली निर्माण, पानी पिच र माटो ग्राभेल गर्ने कार्यको ठेक्काका लागि ६ वट बोलपत्र परेको मध्ये सवै भन्दा घटी रु १४१२३५६।५१ कवोल गर्ने सिद्व निर्माण सेवा छनौट | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भई २०७८।११।२ मा १५ दिन भित्र सम्झौता गर्न आउने भनी पत्राचार गरेकोमा सो अवधि भित्र सम्झौता गर्न नआएको कारण दोश्रो घटि कवोल गर्ने बोलपत्रदाता श्री राधा भानू निर्माण सेवा प्रा लि को कवोल अंक रु १५४०८४५।३३ छनौट गरी निर्माण कार्य सम्पन्न गरेको पाईयो । यसरी दोश्रो घटी कवोल अंक कवोल गर्ने बोलपत्रदाता छनौट गरी निर्माण कार्य गर्दा रु १२८४८९।०२ वढी व्ययभार पर्न गएको छ । तर पालिकाले छनौट भई सम्झौता गर्न नआउने बोलपत्रदाता श्री सिद्द निर्माण सेवालाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरी कालो सूचीमा राखेको पाईएन । जस्ले गर्दा उक्त निर्माण व्यवसायी पालिकाका अन्य निर्माण कार्यमा सहभागी भई काम गर्दै आइरहेको पाईयो । | |
| ४८ | | | **आन्तरिक आय**<br><br>पालिका अन्तर्गत रहेका खोलाहरुवाट ढुंगा गिट्टी र बालुवाको दीगो संकलन र उत्खनन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण गरी सो को प्रतिवेदन २०७८ आषाढमा प्राप्त भएको पाईयो । प्रतिवेदनमा अनुसार सुनवरा नदीवाट १२७.९७ घन मिटर दैनिक, बनहरा नदीवाट १६१.२३ घन मिटर दैनिक, स्याली नदीवाट २०३.०३ घन मिटर दैनिक संकलन गर्न सकिने उल्लेख छ । उत्खनन कार्यको ठेक्का लगाउन पत्रिकामा सुचना प्रकाशन गरेता पनि कुनै पनि वोलपत्र पेश नभएका कारण उत्तखननको ठेक्का भई राजस्व संकलन भएको पाईएन । | |
| ४९ | | | **संरचनाको क्षेतिपूर्ति**<br><br>क्षेत्रिय शहरी विकास आयोजनावाट संचालन भइरहेको M1, M2 र M3 सडक अन्तर्गत सो सडकमा परेका भौतिक संरचनाहरुको सम्वन्धित व्यक्तिहरुलाई क्षतिपूर्ति दिनका लागि कार्यपालिकाको मिति २०७८।१।१५ को निर्णय अनुसार सडक निर्माणका क्रममा हुने क्षेतिपूर्तिको लागत स्टिमेट अनुसार व्यवस्थापन गरी २ किस्तामा सडक मापदण्डमा परेका घरहरुको मर्मत सुधार गर्नका लागि पूर्ण रुपमा भौतिक संरचना भत्काकइएका ९० व्यक्ति तथा संस्थालाई रु १०२७३५२१।५ दिने गरी निर्णय भएकोमा यस वर्ष रु ६१८४३३१। क्षेतिपूर्ति वितरण गरेको पाइयो । | |
| ५० | | | **अन्य संस्थाको खर्च** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाले मितव्ययीता कार्यददक्षता एवं प्रभावकारी ढंगबाट आर्थकि कारोवार संचालन गर्नु पर्दछ ।पालिकाले यो वर्ष देहायअनुसारका नाफामूलक एवं अन्य संस्थाहरुका लागि कार्यालय व्यवस्थापन देखि भवन निर्माण सम्मका कामका लागि वजेटमा नै व्यवस्था गरी खर्च गरेको पाइयोः<br><br>
<table>
<tr><th>योजनाको नाम</th><th>वजेट</th><th>खर्च</th></tr>
<tr><td>शसस्त्र बल समितिलाई सभाहल निर्माण</td><td>५००००।</td><td>५०००००।</td></tr>
<tr><td>वडा नं १ को प्रहरी विट शौचालय निर्माण</td><td>१२४०००।</td><td>११९३६७।</td></tr>
<tr><td>युवा क्लवका कार्यक्रम सामूदायिक फर्निचर मर्मत सम्भार वडा नं ३</td><td>६००००।</td><td>५८८००।</td></tr>
<tr><td>खेलकुद सामाग्री अनुदान वडा नं ४</td><td>१०००००।</td><td>९८०१५।</td></tr>
<tr><td>खेलाडी पोसाक वितरण वडा नं ४</td><td>१०००००।</td><td>१०००००।</td></tr>
<tr><td>सितेरियो कराते संघ फुलेनीलाई सामाग्री हस्तान्तरण वडा नं ८</td><td>१०००००।</td><td>९९४४०।</td></tr>
<tr><td>भम्केपानी क्षेत्रमा माघि मिलन कार्यक्रम वडा नं ९</td><td>१०००००।</td><td>१०००००।</td></tr>
<tr><td>भम्केपानी क्षेत्रमा माघि मिलन कार्यक्रम वडा नं ९</td><td>५००००।</td><td>५००००।</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सिद्दनाथ मन्दिर कलुवापुरमा विवाह व्रतवन्धाका लागि भाडाकुडा खरिद वडा नं ११</td><td>७५०००।</td><td>७५०००।</td></tr>
<tr><td>राना थारु समूदायको भलमन्सा समूदायलाई कुर्सी टेवल खरिद वडा नं ११</td><td>७५०००।</td><td>७५०००।</td></tr>
<tr><td>प्रहरी विटमा बिजुली जडान तथा प्लम्विङ कार्य वडा नं ११</td><td>१०००००।</td><td>९५३९७।</td></tr>
</table>
यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>वडा सचिवलाई निर्माण कार्यको कार्यदिश दिएको<br><br>२१।२०७८।९।१३ गत आ व को कार्यक्रम अन्तर्गत वडा नं ११ को लामी खल्ला देखि सुनवरा नदी सम्मको बाटो ग्रभेल निर्माणको अन्तिम भुक्तानी यस वर्ष भएको छ । उक्त निर्माण कार्यको कार्यदिश वडा सचिव श्री अप्सरा कुमारी जोशीलाई गत आ व को २०७८।३।१ मा दिएकोमा सो को भुक्तानी रकम रु ९७४३०।२३ वडा सचिवलाई नै दिएको पाईयो । उपभोक्ता समिति मार्फत गराएको उक्त निर्माण कार्यको भुक्तानी उपभोक्ता समितिको खातामा गर्नु पर्नेमा वडा सचिवलाई भुक्तानी दिएको अनियमित देखिएको रु.</td><td>९७,४३०.२३</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>अधुरो योजनामा कार्यसम्पन्न<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार निर्माण कार्यको ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य प्रयोग र सञ्चालनमा आएको अवस्थामा सम्बन्धित निर्माण व्यवसायिले अनुरोध गरेमा कार्यस्वीकार प्रतिवेदन तयार गर्न सकिने व्यवस्था छ । पालिकाले योजनाको भौतिक प्रगति विवरण तयार गरेको पाइएन । साथै संघ तथा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रदेश सरकारबाट बजेट विनियोजन भएको रकम सम्बन्धित आर्थिक वर्षमा मात्र प्राप्त हुने हुँदा सम्झौता अनुसारको कार्य पूरा नगरी आर्थिक वर्षको अन्तमा सोझै कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको छ । यसरी अधुरो अवस्थामा नै कार्यसम्पन्न गरेको र बाँकी कामको स्रोत सुनिश्चित नभएकोले बाँकी कार्य पुरा नहुने र योजना यतिकै अधुरो रहने जोखिम रहन्छ । अतः तोकीए अनुसारको कार्य समयमा नै सम्पन्न गरी सञ्चालित योजनामा प्राभावकारीता ल्याउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्र.सं. | कार्यक्रम | लागत अनुमान | सम्पन्न रकम | प्रगति प्रतिशत | बाँकी काम |
|---|---|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण, वडा नं. ३ | ४३७५१७०.० | ३३८७१४४.० | ७७.४२ | झ्याल, ढोका, रङ्ग रोगन, पलम्बिङ्ग आदि |
| २ | पिताम्बर स्वास्थ्य चौकी भवन निर्माण | १९४२७२५.८८ | १५४३०८२.४४ | ७९.४३ | प्लाष्टर, रंगरोगन, झ्याल, ढोका आदि । |
| ३ | सरस्वति मा.वि. अमरपुर छात्रावास भवन निर्माण | ३११०१९१.०१ | २६५१९८३.६५ | ८५.२७ | झ्याल, ढोका, रङ्ग रोगन, पलम्बिङ्ग आदि |
| ४ | सिद्धनाथ मन्दिर निर्माण | १२२५८०७.११ | ९६८५४६.० | ७९.०१ | गरो लागउने कार्य, झ्याल ढोकाको चौखट आदि । |
| ५ | शिवसक्ति ग्रामिण विद्युत सहकारी संस्था खाजुवा, ट्रान्सफर्मर खरिद विद्युत लाइन विस्तार | १२२८७४२.१५ | ६६४४८८.१० | ५४.०८ | २७ प्रकारका सामाग्री खरिद गर्नुपर्नेमा ६ प्रकारका सामाग्री खरिद नभएको । |
| ६ | रामेश्वर शिव मन्दिर धर्मशाला निर्माण | १७२०२२७.९२ | ११८२९३५.९५ | ६८.७७ | पल्ला, झ्याल ढोका, पानी ट्याँकी आदि । |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>पालिकाको लागत साझेदारी<br><br>पालिकामापुल निर्माणको लागि संघ सरकार (SWAP कार्यक्रम), स्थानीय तह र उपभोक्ता समितिवीचको त्रिपक्षिय सम्झौता अनुसार २ वटा योजना सञ्चालन भई रहेका छन् । जसमा देखिएका व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>५३.१</td><td></td><td></td><td>सम्झौता अनुसार पुल निर्माणमा संघ सरकारको ८५ प्रतिशत, स्थानीय तहको १३ प्रतिशत र जनसहभागिता २ प्रतिशत हुने उल्लेख छ । तर पालिकाले देहायका पुल निर्माणमा सम्झौता अनुसार स्थानीय तहको लागत साझेदारी वेगर विल अनुसारको सबै रकम संघ सरकार (SWAP कार्यक्रम) तर्फबाट मात्र भुक्तानी गरेको देखिएकोले आगामी विल भुक्तानी गर्दा स्थानीय तहको लागत साझेदारीको अंश मिलान गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.</th><th>कार्यक्रम</th><th>विल अंक</th><th>हुनुपर्ने साझेदारी</th><th>भएको साझेदारी</th><th>कम साझेदारी</th><th></th></tr>
<tr><td>११-१२।९</td><td>घरकटुवा, नौखुरी, सिसैया झो.पु.</td><td>६७२९८१.५७</td><td>८७४८७.६</td><td>०</td><td>७७३७९.११</td><td>दोस्रो रनिङ्ग विल</td></tr>
<tr><td>१८-१।२१</td><td rowspan="2">टोटी नाला मल्टि स्पान ट्रस पुल निर्माण</td><td>९६९३३२.०</td><td>१२६०१३.०</td><td>०</td><td>१२६०१३.०</td><td>प्रथम रनिङ्ग विल</td></tr>
<tr><td>५१-३।२४</td><td>३५०२४५०.०</td><td>४५५१८५.०</td><td>०</td><td>४५५१८५.०</td><td>सामाग्री खरिद</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>६५८५७७.११</td><td></td></tr>
</table></td><td>६५८,५७७.११</td></tr>
<tr><td>५३.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले घरकटुवा, नौखुरी, सिसैया झोलुङ्गे पुल योजनामा दोस्रो रनिङ्ग विल भुक्तानी गर्दा उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर वापत रु.४७४६९.१५ भुक्तानी गरेकोमा उपभोक्ता समितिले रु.२२९२५.० को मात्र मूल्य अभिवृद्धि कर विजक पेश गरेकोले बढी भुक्तानी भएको मुल्य अभिवृद्धि कर बापतको रकम रु.२४५४४।१५ सम्बन्धित उपभोक्ता समिति मार्फत असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>२४,५४४.१५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । घरकटुवा, नौखुरी, सिसैया झोलुङ्गे पुल योजनामा दोस्रो रनिङ्ग बिल भुक्तानी गर्दा जम्मा बिल रकम रु.६७२९८१.५६ उल्लेख भएकोमा सम्झौता अनुसार उपभोक्ता समितिको अंश बापतको रु.१३४५९।६ कट्टा गरेर भुक्तानी गर्नुपर्नेमा सबै रकम भुक्तानी गरेकोले उपभोक्ता समितिको अंश वापतको रकम असुल गर्नुपर्ने रु.</td><td>१३,४५९.६</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>बढी भुक्तानी<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा मुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले कृष्ण मा.वि. सिमलफाँटा ४ कोठे भवन निर्माण कार्यमा 1:1.5:3 RCC for super structure कार्यको संलग्न दर विश्लेषण अनुसार प्रति घन मिटर रु.१२८७३.२४ उल्लेख गरेकोमा भुक्तानी गर्दा रु.१३१४९.९८ को दरले भुक्तानी गरेको छ । जस अनुसार ८२.९३ घ.मी. कर्यको लागि रु.१०६७५७७.७९ भुक्तानी हुनुपर्नेमा रु.१०९०५२७.८४ भुक्तानी भएकोले बढी भुक्तानी रकम रु.२२९५०।०५ असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>२२,९५०.०५</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सोझै खरिद<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा मसलन्द तथा कार्यालय सामाग्री व्यवस्थापन शीर्षकमा बजेट विनियोजन गरेकोमा आवश्यक सामाग्रीको पूर्वानुमान गरी देहायबमोजिम टुक्रा पारी खरिद गरेको कार्य मुनासिव नदेखिएको रु.
<table>
<tr><th>भौ.नं.</th><th>आपूर्तिकर्ता</th><th>रकम</th></tr>
<tr><td>१७३-७।२९</td><td>आयुस्मान स्टेशनरी एण्ड सप्लायर्स</td><td>४७७८७७.०</td></tr>
<tr><td>२९८-८।१</td><td>जोशी ट्रेड एण्ड सप्लायर्स</td><td>२६०५९८.०</td></tr>
</table></td><td>१,५९१,१६६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४३९-९।२०</td><td>ग्लोवस इम्पेक्स</td><td>१५९८२०.०</td></tr>
<tr><td>४८७-९।२८</td><td>उग्रतारा ट्रेड एण्ड सप्लायर्स</td><td>१८३०७८.०</td></tr>
<tr><td>११३७-२।१८</td><td>उग्रतारा ट्रेड एण्ड सप्लायर्स</td><td>२५१०३५.०</td></tr>
<tr><td>१०८०-२।२६</td><td>उग्रतारा ट्रेड एण्ड सप्लायर्स</td><td>५८९८६.०</td></tr>
<tr><td>१२७२-३।१२</td><td>अनुराज स्टेशनरी एण्ड सप्लायर्स</td><td>९९८१२.०</td></tr>
<tr><td>१५२५-३।२४</td><td>काँजल ट्रेडर्स</td><td>९९९६०.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५९११६६.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. ३<br><br>तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ को बुँदा नं. ५(१) अनुसार आयोजना संचालनको लागि कार्यक्रमको तर्फबाट अधिकतम सत्तरी प्रतिशत र स्थानिय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने उल्लेख छ । वडा नं. ३ आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको लागि रु.३५००१३६।० (उपभोक्ताको अंश बाहेक) को लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गरेकोमा रु.२७०९७१५।० को कार्य सम्पन्न प्रतिवेदन तयार भएको छ । जस अनुसार कार्यक्रम तर्फ रु. १८९६८००।० र स्थानीय तहको रु.८१२९१५।० लागत साझेदारी हुनुपर्नेमा कार्यक्रकम तर्फको रु.२५०००००।० र स्थानिय तहतर्फको रु.२०९७१५।० मात्र लागत साझेदारी भएको छ । कार्यक्रम सञ्चालन निर्देशिकामा भएको व्यवस्था विपरित कार्यक्रम तर्फको बढी भुक्तानी भएको रकम रु.६०३२००।० स्थानीय तह तर्फबाट सोधभर्ना गर्नुपर्ने रु.</td><td>६०३,२००</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>सामुदायिक भवन निर्माण वडा नं. ८</td><td>२४५,२३१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ को बुँदा नं. ५(१) अनुसार आयोजना संचालनको लागि कार्यक्रमको तर्फबाट अधिकतम सत्तरी प्रतिशत र स्थानिय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने उल्लेख छ । सामुदायिक भवन निर्माण वडा नं. ८ कार्यको लागि रु.३५००६४२।० (उपभोक्ताको अंश वाहेक) को लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गरेकोमा रु.३२२१०९८।० को कार्य सम्पन्न प्रतिवेदन तयार भएको छ । जस अनुसार कार्यक्रम तर्फ रु. २२५४७६९।० र स्थानीय तहको रु.९६६३२९।० लागत साझेदारी हुनुपर्नेमा कार्यक्रकम तर्फको रु.२५०००००।० र स्थानिय तहतर्फको रु.७१४०६२।० मात्र लागत साझेदारी भएको छ । कार्यक्रम सञ्चालन निर्देशिकामा भएको व्यवस्था विपरित कार्यक्रम तर्फको बढी भुक्तानी भएको रकम रु.२४५२३१।० स्थानीय तह तर्फबाट सोधभर्ना गर्नुपर्ने रु. | |
| ५८ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br><br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को बुँदा नं. ५ अनुसारको कार्यक्रम सञ्चालनको लागि मात्र प्राप्त रकम खर्च गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा आई सि टी ल्याव स्थापनाको लागि प्राप्त रकम प्रति विद्यालय रु.६५००००।० का दरले सम्बन्धित विद्यालयको खातामा दुइ किस्तामा निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहार निम्नानुसार छन् | |
| ५८.१ | | | बैजनाथ माध्यमिक विद्यालय, कसरौलले वन्साहले कार्यक्रम अन्तर्गत मल्टिफङ्सन प्रिन्टर १ थान, LED Board १ थान, All in one (i5, 8 gb, 256 SSD) १ थान, नेटवर्किङ्ग र सफ्टवेयर (Education MIS and E-library) जडान कार्य इमर्जिङ ट्रेड कन्सर्नबाट खरिद गरेको विल भर्पाइ पेश गरेको छ ।जसमा Networking accessory with lab setup complete को लागि रु.४५१३२।०, सफ्टवेयरको लागि रु.५३०९७।० खर्च गरेको देखिन्छ । १/१ थान कम्प्युटर, प्रिन्टर र वोर्ड खरिद गरि नेटवर्किङ्ग गरेको तथा कुनै स्वीकृती/मापदण्ड वेगर सफ्टवेयर जडान गरेको भनि भुक्तानी दिनु मनासिव देखिदैन । अतः यसरी रकम खर्च गर्न मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु. | ९८,२२९ |
| ५८.२ | | | शिवशंकर माध्यमिक विद्यालयले कार्यक्रम अन्तर्गत कम्प्युटर १ थान, डेस्कटप १ थान, मनिटर ४ थान, क्लाउड पेन्ट ४ थान, प्रिन्टर १ थान सफ्टवेयर १ थान खरिद गर्ने तथा अन्य नेटवर्किङ्ग र ल्याव सेटअप र आवश्यक फर्निचर मालिका इन्कर्पोरेट प्रा.ली. बाट खरिद गरेको विवरण र विल भर्पाइ पेश गरेको छ । जसमा Networking accessory with lab setup complete को लागि रु.५३०००।०, सफ्टवेयर (Education MIS and E-library)को लागि रु.६००००।० र सफ्टवेयर तालिम सञ्चालनको लागि | १४५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.३२०००।० खर्च गरेको देखिन्छ । ४ थान कम्प्युटर खरिद गरी त्यसको नेटवर्किङ्ग तथा कुनै स्वीकृती/मापदण्ड वेगर सफ्टवेयर जडान गरेको र तालिम गरेको भनि खर्च गरेको गर्नु मनासिव देखिदैन । अतः यसरी रकम खर्च गर्न मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु. | |
| ५८.३ | | | सिद्धबैजनाथ माध्यमिक विद्यालय, वन्साहले कार्यक्रम अन्तर्गत मल्टिफङ्सन प्रिन्टर १ थान, ७५"Board with i7 OPS १ थान, All in one (i5, 8 gb, 256 SSD) १ थान, नेटवर्किङ्ग र सफ्टवेयर(Education MIS and E-library) जडान कार्य इमर्जिङ ट्रेड कन्सर्नबाट खरिद गरेको विल भर्पाइ पेश गरेको छ । जसमा Networking accessory with lab setup complete को लागि रु.३५३९८।०, सफ्टवेयरको लागि रु.५३०९७।० खर्च गरेको देखिन्छ । १/१ थान कम्प्युटर, प्रिन्टर र वोर्ड खरिद गरि नेटवर्किङ्ग गरेको तथा कुनै स्वीकृती/मापदण्ड वेगर सफ्टवेयर जडान गरेको भनि भुक्तानी दिनु मनासिव देखिदैन । अतः यसरी रकम खर्च गर्न मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु. | ८८,४९५ |
| ५९ | ३८ | २०७९-३-१५ | **नवीकरणीय उर्जा प्रविधि जडान**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिमको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोबरग्यास प्लाण्ट निर्माण कार्यक्रम अन्तर्गत १४ जनाको लागि रु.२६०००।० को दरले रु.३६४०००।० भुक्तानी गरेको छ । गोबरग्यास प्लाण्ट स्थापना सम्बन्धमा कुनै लागत अनुमान तयार गरेको छैन । कार्यक्रमको लागि छनौट भएका लाभग्राही कुन मापदण्डको आधारमा छनौट गरेको सोको कुनै प्रमाण संलग्न रहेको छैन । लागत अनुमान, लाभग्राही छनौटको आधार वेगर विल भर्पाइको आधारमा मात्र खर्च गरेकोले अनियमित देखिएको रु. | ३६४,००० |
| ६० | | | **तराई मधेर समृद्धि कार्यक्रममा लागत साझेदारी**<br><br>तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ को बुँदा नं. ५(१) अनुसार आयोजना संचालनको लागि कार्यक्रमको तर्फबाट अधिकतम सत्तरी प्रतिशत र स्थानिय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने उल्लेख छ । पालिकामा सञ्चालित देहायका योजनामा निर्देशिका अनुसार पालिकाको लागत साझेदारी भएको देखिदैन । न्युन लागत साझेदारी भएको रकम संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु. | ९७४,७८४.५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>योजना</th><th>सम्पन्न अंक</th><th>हुनुपर्ने पालिकाको योगदान</th><th>भएको पालिकाको योगदान</th><th>कम योगदान</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>वडा नं. १० अधुरो वर्थिङ्ग सेन्टर जिर्ण स्वास्थ्य चौकी निर्माण</td><td>१८७५५७८.०</td><td>५६२६७३.४</td><td>०</td><td>५६२६७३.४</td><td></td></tr>
<tr><td>२</td><td>मणिकाधाम धार्मिक पर्यटकीय पूर्वाधार निर्माण</td><td>११५६६११.०</td><td>३४६९८३.३</td><td>०</td><td>३४६९८३.३</td><td rowspan="2">जनसहभागिता बाहेकको सम्पन्न अंक</td></tr>
<tr><td>३</td><td>मणिकाधाम जाने बाटो स्तरोन्नती</td><td>४१९४८९२.८</td><td>१२५८४६७.८</td><td>११९३३४०.०</td><td>६५१२७.८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>९७४७८४.५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>झलारी पिपलाडी उद्योग वाणिज्य संघ सभा हल निर्माण</td><td></td></tr>
<tr><td>६१.१</td><td></td><td></td><td>निर्माण कार्यको लागि मिति २०७८।१२।६ मा कार्यदिश दिएकोमा कार्यक्रमको लागि शिव शंकर इटा तथा टायल उद्योगबाट १३००० इटा रु.१० का दरले रु.१३००००।० (मु.अ.कर बाहेक) खरिद गरेकोमा जारी विजकमा कारोबार मिति २०७८।१२।७ उल्लेख गरी मिति २०७८।११।८ मा जारी भएको छ । कायदिश भन्दा अगाडीको जारी गरेकोबाट बास्तविक रुपमा इटा खरिद भएकोमा एकिन हुन सकिएन । अतः खरिद गरिएका इटा वास्तविक रुपमा सोही योजनाको लागि खरिद गरेको प्रमाण पेश नगरेमा उक्त रकम असूल गर्नुपर्ने रु.</td><td>१३०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१.२ | २१ | २०७९-३-२१ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले झलारी पिपलाडी उद्योग बाणिज्य संघ सभा हल निर्माण कार्यमा कार्यसम्पन्न अंक अनुसारको रु.१३७२०००।० भुक्तानी गरेको छ । कार्यसम्पन्न प्रतिवेदन अनुसार तयारी प्लाइउड झ्यालढोकाको कार्य गरेको उल्लेख गरी ३ थान ४ फी. लम्बाइ, ७ फि.चौडाइको ८४ वर्ग फीटको कार्य रु.२८६ का दरले रु.२४०२४।० भुक्तानी भएकोमा उपभोक्ता समितिले पेश गरेको फोटोमा झ्याल ढोकाको कार्य गरेको नदेखिएकोले झ्याल ढोकाको कार्य गरेको प्रमाण पेश नगरेमा उक्त रकम असुल गर्नुपर्ने रु | २४,०२४ |
| ६२ | ४०७ | २०७९-३-२२ | **भेन्डिङ मेसिन खरिदः**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान निर्माण कार्य र सेवाको विवरण तयार गर्नुपर्ने व्यवस्था छ ।सोही दफाको उपदफा (१) बमोजिम सार्वजनिक निकायले मालसामान निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्बन्धी स्पेशिफिकेशन योजना नक्सा डिजाइन विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था गरेको छ ।कार्यालयले द ग्लोबल सर्जिकल हाउसबाट ७० थान भेन्डिङ मेसिन र २५ थान सेनेटरी ईन्सिनिरेटर मेसिन बापत रु.२०,९६,१५०.००(भ्याट सहित) र ग्लोबल मेडी ईक्युपमेन्टबाट २७ थान भेन्डिङ मेसिन र ५ थान ईन्सिनिरेटर बापत रु.९,४६,३७५.००(भ्याट सहित) गरि कुल रु.३०,४२,५२५.०० बराबरको ९७ थान भेन्डिङ मेसिन र ३० थान ईन्सिनिरेटर मेसिन बिना स्पेशिफिकेशन बोलपत्र माध्यमबाट खरिद गरेको पाईयो ।यसरी स्पेशिफिकेशन बेगरको खरिद कार्यले तोकिएको मूल्यमा प्राप्त नहुने जोखिम रहन्छ। अतः कार्यालयले स्पेशिफिकेशन तयार गरी सामान खरिद गर्न तर्फ ध्यान दिनुपर्दछ । | |
| ६३ | | | **सेनिटरी प्याड खरिदः**<br><br>कार्यालयले आ.व. २०७८/७९ मा सम्झना सर्जिकल एण्ड सप्लायर्सबाट रु.४,८४,३७६.०० बराबरको ७,०७६ थान सेनिटरी प्याड खरिद गरेको पाईयो ।जस अनुसार देखिएका व्यहोराहरु निम्न छन् | |
| ६३.१ | | | **सेनिटरी प्याड र विद्यार्थी अनुपातः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को दफा ६(४)अनुसार छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा १६ वटासम्म सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ साथै दफा ३ मा छात्राहरुको संख्या यकिन गर्ने व्यवस्था पनि रहेको छ । कार्यालयले उपलब्ध गराएको EMIS विवरण अनुसार कक्षा ६ देखि कक्षा १२ सम्म ४,२४३ छात्राहरु रहेका छन् ।खरिद भएको सेनिटरी प्याड संख्या ७,०७६ रहेको छ ।कार्यविधि अनुसार प्रति छात्रा प्रति महिना १६ सेनिटरी प्याड हुनुपर्नेमा प्रति छात्रा प्रति महिना १.६ सेनिटरी प्याड हुन आउछ ।यसरी सेनिटरी प्याड खरिद गर्दा छात्राहरुको संख्या यकिन गरी सबै छात्राहरुलाई हरेक महिनावारी च्रकमा बढीमा १६ वटासम्म पुग्ने गरी खरिद गर्न विशेष ध्यान पुर्याउनुपर्दछ । | |
| ६३.२ | | | **सेनिटरी प्याड गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ।कार्यालयले यस वर्ष रु.४,८४,३७६.०० बराबरको ७,०७६ थान सेनिटरि प्याड खरिद गरेकोमा प्याडको गुणस्तर सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को अनुसूचि १ बमोजिम भएको परीक्षण गरी अभिलेख राखेको पाइएन । | |
| ६४ | | | **उपभोक्ता समितिलाई ओभरहेड भुक्तानी**<br><br>वडा नं १ को खजुवा पट्टी देखि लौटा हुदै वडा नं १२ को सिमाना सम्म सडक ग्राभेल कार्य अन्तर्गतको वाटो वरावर गर्ने कामको दररेट प्रति १० घनमिटरको रु ९१.७८ मात्र हुनेमा ओभरहेड समेत रु १०५.५५ का दरले भुक्तानी दिएका कारण प्रति घनमिटर रु १.३७७ का दरेले वढी भुक्तानी हुन गएकोले ३०४८ वर्ग मिटरको रु ४१९७। असुल हुनु पर्ने रु | ४,१९७ |
| ६५ | | | **अधुरो लागत अनुमान र कार्यसम्पन्न**<br><br>पालिकाले लागत अनुमान तयार गर्दा समग्र योजनाको लागि आवश्यक सम्पूर्ण क्रियाकलाप समावेश गरी लागत अनुमान तयार गर्नुपर्दछ । रेडक्रस उपशाखा झलारीको भवन निर्माण कार्यको लागि प्रदेश सरकारबाट सशर्त बजेट रु.१० लाख विनियोजन भएकोमा पालिकाले कुन प्रकारको भवन निर्माण गर्ने उल्लेख नगरी विनियोजित बजेट अनुसारकै लागत अनुमान तयार गरेको छ । लागत अनुमान अनुसार १ तलाको लागि जग खन्ने र विम राखि तला पुर्ने सम्मको कार्य गर्ने लागत अनुमान तयार गरेको र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागत अनुमान अनुसार कार्य गरेको उल्लेख गरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार भएको छ । भवनको लागि न्युनतम रुपमा हुनुपर्ने भित्तामा गारो लगाउने, झ्यालढोकाको कार्य, प्लाष्टर गर्ने, रंगरोगन लगाएतका कार्यको लागत अनुमानमा पनि समावेश नभएको अधुरो भवन निर्माण गरी अधुरो अवस्थामा नै कार्यसम्पन्न दिएको देखिन्छ । यसरी टुक्रा पारी बजेट विनियोजन गर्ने र आगामी वर्षमा उक्त योजनामा बजेट विनियोजन नहुने हुँदा गरिएको खर्चले सार्थकता नपाउने देखिन्छ । अत योजना संचालन गर्नुपुर्व बजेटको स्रोत सुनिश्चित गर्ने पूर्ण रुपमा कार्यान्वयन गर्ने गरी लागत अनुमान तयार पारी कार्यसम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६६ | | | **सामाजिक सुरक्षा भत्ता वितरण** | |
| ६६.१ | | | पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत एक बैंकबाट जम्मा रु. ९,३७,८६,९०८।०० वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-<br>सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६६.२ | | | **निष्कृय खाताको निवरण-** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको र बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध गराएको छैन । पालिकाले डोरम्याट खाताहरुको विवरण छानविन गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ६६.३ | | | **कार्यविधिको पालना नगरेको-** सामाजिक सुरक्षा वितरण कार्यविधि २०७७ को दफा १४(५) अनुसार लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा प्रणालीमा रहेको अनुसूची -७ बमोजिमको भरपाई प्रतिवेदन तथा अनुसूची - ८ बमोजिमको फर्वाड फिडको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आधारमा गर्नुपर्दछ । तर पालिकाले अनुसूची अनुसारको फर्वाड फिड तयार नगरी बैंकलाइ भत्ताको रकम पठाएको पाइयो, बैंकले पनि सोहि अनुसार भत्ता वितरण गरी आफ्नै एक्सेल सिट बनाएको पाइयो । अतः कार्यविधि नअपनाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको कारण वास्तविक लाभग्राहीले भत्ता पाए नपाएको एकिन हुन सकिएन । पालिकाले आवश्यक छानविन गरेको प्रमाण पेश् गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६६.४</td><td></td><td></td><td>केवाइसी अपडेट- सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसले खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अद्यावधिक नभएको विवरण माग गरि ति खातामा रहेको फिर्ता गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>बैठक भत्ता<br><br>शुक्लाफाँटा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७७ को बुँदा नं. ११ अनुसार अर्थ मन्त्रालयबाट तोकिएको नर्म्स र अन्य प्रचलित कानून अनुसारको बैठक भत्ता उपलब्ध गराउने व्यवस्था छ । अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यसञ्चालन निर्देशिका, २०७५ को वुँदा ७.१.१ अनुसार प्रयोजन खुल्ने गरि मात्र वैठक वस्ने, कानुन बमोजिम गठन भएका र एकै निकायका पदाधिकारी/कर्मचारी नभएको वैठकमा मात्र बैठक भत्ता उपलब्ध गराउन सकिने उल्लेख छ । पालिकाले दैनिक कामकाजको सिलसिलामा कार्यालय समयभन्दा फरक पर्ने गरि पालिकाका पदाधिकारी र कर्मचारी मात्र बैठक बसि देहायबमोजिम बैठक भत्ता बापत रु.२०८१५००।० भुक्तानी गरेको छ । निर्देशिकामा भएको व्यवस्था विपरित कार्यालयका पदाधिकारी र कर्मचारी मात्र वैठक बसी बैठक भत्ता वितरण गरेको रकमलाई नियमसम्मत मान्न नसकिएको रु.<br>
<table><tr><th>भौ.नं.</th><th>समिति/वापत</th><th>सहभागि/बैठक संख्या</th><th>रकम</th><th>कैफियत</th></tr></table></td><td>२,०८१,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ६५८-११।९ | स्व मुल्याँकन समिति बैठक भत्ता | ३० जना ७ दिन १५०० दर | २२००००.० | |
| ७०७-११।१५ | राजश्व परामर्श समिति | १४ जना ७ दिन | ९५५००.० | |
| ७०८-११।१५ | नविकरणीय उर्जा समन्वय समिति | १८ जना १० दिन | १७९५००.० | |
| ७९३-१२।९ | दोस्रो सामाजिक सुरक्षा भत्ता वितरण अनुगमन | १६ जना १६ दिन | १८२०००.० | |
| ८६२-१२।१७ | सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण समिति | १४ जना ८ दिन | १२६०००.० | |
| ११८९-२।३० | खानेपानी तथा सरसफाई मुल दर्ता समिति | १४ जना २ बैठक | २६०००.० | |
| १२१३-३।३ | स्वत प्रकाशन गर्ने सन्दर्भमा सुचनाको हक सम्बन्धि ऐन, २०६४ अनुसार बसेको | २२ जना ७ दिन | १२४०००.० | |
| १२१४-३।३ | तेस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता वितरणमा खटिएका कर्मचारी र पदाधिकारी यातायात तथा खाजा खर्च | १७ जना १३ दिन | १४८०००.० | |
| १४५१-३।२२ | पाठ्यक्रम विकास तथा कार्यान्वयन समिति | १८ जना १४ | १७८०००.० | |
| १४५३-३।२२ | लक्षित समुदायका विद्यार्थीलाई छात्रवृत्ती प्रदान गर्न गठित समिति | १० जना ३ दिन | ५०५००.० | |
| १५०१-३।२३ | बोलपत्र मुल्यांकन समिति | ३० जना ४० दिन | ५७१५००.० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="6">१५३९-३।२४</td><td>सार्वजनिक सेवा तथा क्षमता विकास समिति</td><td>१३ जना १ दिन</td><td>१८५००.०</td><td>पदाधिकारी सेवा सुविधा</td></tr>
<tr><td>आर्थिक विकास समिति</td><td>१६ जना २ दिन</td><td>४१०००.०</td><td></td></tr>
<tr><td>सामाजिक विकास समिति</td><td>१३ जना १ दिन</td><td>१९०००.०</td><td></td></tr>
<tr><td>श्रोत अनुमान तथा बजेट निर्धारण समिति</td><td>१६ जना १ दिन</td><td>२४०००.०</td><td></td></tr>
<tr><td>बातावरण तथा विपद् व्यवस्थापन समिति</td><td>१३ जना १ दिन</td><td>२६०००.०</td><td></td></tr>
<tr><td>राजश्व परामर्स समिति</td><td>१७ जना ३ दिन</td><td>५२०००.०</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०८१५००.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>
कर्मचारी व्यवस्था<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ३३१७६००.० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्नु उचित देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th>पद</th><th>नियुक्ति संख्या</th><th>तलव भत्ता रु.</th><th>प्रोत्साहन भत्ता (१०%)</th><th>जम्मा तलब भत्ता</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अ.न.मी.*</td><td>६ जना</td><td>१७१६०००.०</td><td>१७१६००.०</td><td>१८८७६००.०</td></tr>
<tr><td>खोप कार्यकर्ता</td><td>५ जना</td><td>१३०००००.०</td><td>१३००००.०</td><td>१४३००००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३३१७६००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>
करार कर्मचारीलाई महंगी भत्ता<br><br>
करार कर्माचारीलाई सेवा सुविधा भुक्तानी गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४/१/२१ को निर्णयानुसार दरबन्दी भित्रका करार कर्मचारीलाई दिने सेवा सुविधा सम्बन्धि २०७४/१/२५ को पत्राचार अनुसारको सुविधा मात्र भुक्तानी गर्नुपर्दछ । उक्त पत्रअनुसार करार कर्मचारीलाई स्थानीय भत्ता र महंगी भत्ता भुक्तानी गर्न मिल्ने देखिदैन । त्यस्तै अर्थ मन्त्रालयको च.नं. १७१९ मिति २०७९/१/२१ को पत्रबाट पनि महंगी भत्ता उपलब्ध गराउन नसकिने जनाएको छ । पालिकाले यस आर्थिक वर्षमा देहायका ५८ जना करार कर्मचारीलाई महंगी भत्ता मासिक २००० का दरले बार्षिक रु. ११२८०००.० भुक्तानी गरेकोले नपाउने सुविधा भुक्तानी रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>दर्जा</th><th>कर्मचारीको नाम थर</th><th>वार्षिक रकम</th></tr>
<tr><td>1</td><td>इन्जिनियर</td><td>श्री लोकेन्द्र राज भट्ट</td><td>२४०००.०</td></tr>
<tr><td>2</td><td>अ.स.इ.</td><td>श्री टेकेन्द्र प्रसाद भट्ट</td><td>२४०००.०</td></tr>
<tr><td>3</td><td>खरिदार</td><td>श्री सुरेन्द्र देव भट्ट</td><td>२४०००.०</td></tr>
<tr><td>4</td><td>खरिदार</td><td>श्री राजेन्द्र बहादुर सिंह</td><td>२४०००.०</td></tr>
<tr><td>5</td><td>स.क.अ.</td><td>श्री राजेन्द्र कुमार सिंह</td><td>२४०००.०</td></tr>
<tr><td>6</td><td>अमिन</td><td>श्री हेमराज अवस्थी</td><td>२४०००.०</td></tr>
</table>
</td><td>१,१२८,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| 7 | हे.स.चालक | श्री मिन्नत नरसिंह राणा | २४०००.० |
| 8 | हे.स.चालक | श्री गोविन्द बहादुर साउद | २४०००.० |
| 9 | हे.स.चालक | श्री चरणराम डगौरा | २४०००.० |
| 10 | ना.प.स. | श्री मिना कुमारी भण्डारी | २४०००.० |
| 11 | ना.प.स. | श्री तेज राज जोशी | २४०००.० |
| 12 | ना.प.स. | श्री पदम बहादुर ऐर | २४०००.० |
| 13 | अ.स.ई. | श्री कल्पना शाही | २४०००.० |
| 14 | भारी स. चालक | श्री दिपक बोहरा | २४०००.० |
| 15 | हलुका स.चालक | श्री दिपक बहादुर ऐर | २४०००.० |
| 16 | हलुका स. चालक | श्री दिनेश बहादुर ऐर | २४०००.० |
| 17 | एलेक्ट्रिसियन | श्री गोकुल देव जोशी | २४०००.० |
| 18 | व्याक्होलोडर हेल्पर | श्री राजन चौधरी | २४०००.० |
| 19 | सा.प. | श्री केशवदत्त जोशी | २४०००.० |
| 20 | सा.प. | श्री लक्ष्मी भट्ट | २४०००.० |
| 21 | का.स. | श्री परमान्न भट्ट | २४०००.० |
| 22 | का.स. | श्री करनसिंह ठगुन्ना | २४०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| 23 | का.स. | श्री डम्बरी कुमारी ऐर | २४०००.० |
| 24 | का.स. | श्री बिमला चौधरी | २४०००.० |
| 25 | का.स. | श्री गीता बम | २४०००.० |
| 26 | का.स. | श्री बल्देव धामी | २४०००.० |
| 27 | का.स. | श्री विनोद राज अवस्थी | २४०००.० |
| 28 | का.स. | श्री सविता चौधरी | २४०००.० |
| 29 | का.स. | श्री सोम नाथ राना | २४०००.० |
| 30 | का.स. | श्री हरमान चौधरी | २४०००.० |
| 31 | का.स. | श्री सुन्दरी राना | २४०००.० |
| 32 | का.स. | श्री विश्वा देवी भट्ट | २४०००.० |
| 33 | का.स. | श्री शिव बहादुर धामी | २४०००.० |
| 34 | का.स. | श्री सुरेन्द्र बहादुर ऐर | २४०००.० |
| 35 | का.स. | श्री सुनिता चौधरी | २४०००.० |
| 36 | का.स. | श्री गोविन्द राना | २४०००.० |
| 37 | का.स. | श्री जानकी कुमारी राना | २४०००.० |
| 38 | का.स. | श्री दिपक कुमार चूनारा | २४०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| 39 | का.स. | श्री निर्मला कुमारी पन्त | २४०००.० |
| 40 | का.स. | श्री पदम बहादुर ऐर | २४०००.० |
| 41 | का.स. | श्री कलावति वि.क. | २४०००.० |
| 42 | का.स. | श्री वविता कुमारी राना | २४०००.० |
| 43 | का.स. | श्री रनू चौधरी | २४०००.० |
| 44 | का.स. | श्री अमै कामी | २४०००.० |
| 45 | का.स. | श्री टिका प्रसाद अवस्थी | २४०००.० |
| 46 | का.स. | श्री जयन्ती नाथ | २४०००.० |
| 47 | का.स. | श्री किरण देवी धामी | २४०००.० |
| 48 | पशु प्राविधिक चौथो | श्री करन सि धामी | २४०००.० |
| 49 | ना प्र स | श्री दुरयोधन कुवर | २४०००.० |
| 50 | स.क.अपरेटर | श्री गोकर्ण प्रसादजोशी | २४०००.० |
| 51 | सा.प. | श्री तपस्था भट्ट | २४०००.० |
| 52 | सुचना प्रविधि अधिकृत | श्री लोग राज भट्ट | २४०००.० |
| 53 | ह.स.चा | श्री तेज सिंह कोर | २४०००.० |
| 54 | का.स. | श्री निर्मला कुमारी सिंह शाही | २४०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | 55 \| उद्यम विकास सहजकर्ता \| श्री शान्ति कुमारी साउद \| २४०००.०<br>56 \| उद्यम विकास सहजकर्ता \| श्री धन बहादुर चौधरी \| २४०००.०<br>57 \| मेडिकल अधिकृत \| डा राजेश बहादुर खडका \| २४०००.०<br>58 \| मेडिकल अधिकृत \| डा सुनिल चन्द \| २४०००.०<br> \| जम्मा \| \| १३९२०००.० | |
| ७० | | | **राजश्व संलकन कर्ताको पारिश्रमिक**<br><br>ठेक्का प्रक्रिया वेगर वडास्तरबाट सोझै करारमा कर्मचारी भर्ना गरी राजश्व संकलनको कार्य गराएको पाइयो । पालिकाले यस्ता संकलनकर्ताको पारिश्रमिक वापत गत वर्षमा उठाएको राजश्वको १० प्रतिशतको दरले ३२ जना कर्मचारीलाई रु.१०९१२१४।० भुक्तानी गरेको छ । राजश्व जस्तो संवेदनशिल विषयमा राजश्व संकलन गर्ने स्पष्ट विधि पालिकाले तय नगरेको र वडा तहबाट आफ्नो स्व विवेकको आधारमा कर्मचारी भर्ना छनौट गरी मासिक ज्यालादरीको रुपमा पारिश्रमिक भुक्तानी नगरी राजश्व संकलनको दर अनुसार पारिश्रमिक भुक्तानी गर्ने कार्य मनासिव देखिंदैन । सम्बन्धित संकलनकर्ता मार्फत मात्र कति रकम संकलन भयो सो सम्बन्धमा पालिकामा कुनै विवरण नरहेबाट करारमा कर्मचारी राखी राजश्व संकलन गर्ने कार्य प्रभावकारी गर्ने कार्य प्रभावकारी भएको पुष्टि हुन सकेन । अतः सोझै करार मार्फत राजश्व संकलन गर्ने परिपाटिलाई निरुत्साहित गर्दैपालिकामा राजश्व संकलन गर्ने जनशक्ति अभाव रहेको अवस्थामा संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा दरबन्दी स्वीकृत गरी कर्मचारी भर्ना गरी राजश्व संकलन गर्नुपर्दछ । भर्ना नभएसम्मको अवधिमा प्रतिस्पर्धात्मक तवरले ठेक्का प्रक्रिया अवलम्बन गरी करारमा कर्मचारी भर्ना गरी कार्य सम्पादन गराउनुपर्दछ । | |
| ७१ | | | **पर्व खर्च बढी भुक्तानी** | ८४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सूदुरपश्चिम प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा नगर सभा सदस्यहरुलाई चाँडपर्व खर्च प्रति व्यक्ति वार्षिक रु.८०००।— भूक्तानी गर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमका पदाधिकारीहरुलाई प्रति व्यक्ति रु.१००००।— का दरले भूक्तानी दिएकोले बढी भुक्तानी रकम रु.८४०००।० असुल गर्नुपर्ने रु. | |

| क्र.सं. | पद | पदाधिकारीको नाम | बढी भुक्तानी रकम |
|---|---|---|---|
| १ | वडा सदस्य | लक्ष्मी राना | २०००.० |
| २ | वडा सदस्य | रतना देवी डगौरा | २०००.० |
| ३ | वडा सदस्य | कमला देवी अवस्थी | २०००.० |
| ४ | वडा सदस्य | सरला बिष्ट | २०००.० |
| ५ | वडा सदस्य | बिन्दु देवी साउद | २०००.० |
| ६ | वडा सदस्य | फुलमति राना | २०००.० |
| ७ | वडा सदस्य | पार्वती भाट | २०००.० |
| ८ | वडा सदस्य | सन्तोला कामी | २०००.० |
| ९ | वडा सदस्य | सिता देवी डगौरा | २०००.० |
| १० | वडा सदस्य | विस्ना देवी पार्की | २०००.० |
| ११ | वडा सदस्य | भागा लुहार | २०००.० |
| १२ | वडा सदस्य | माया ओड | २०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | |
| --- | --- | --- | --- |
| १३ | वडा सदस्य | फुलमती देवी दमाई | २०००.० |
| १४ | वडा सदस्य | कलावती महर | २०००.० |
| १५ | वडा सदस्य | सरिता देवी टमटा | २०००.० |
| १६ | वडा सदस्य | राजमती सुनार | २०००.० |
| १७ | वडा सदस्य | देवा दमाई | २०००.० |
| १८ | वडा सदस्य | विस्ना देवी लुहार | २०००.० |
| १९ | वडा सदस्य | सवा दमाई | २०००.० |
| २० | वडा सदस्य | उत्तर देव भट्ट | २०००.० |
| २१ | वडा सदस्य | प्रमानन्द जोशि | २०००.० |
| २२ | वडा सदस्य | मोहन बहदुर डगौरा | २०००.० |
| २३ | वडा सदस्य | लाल बहादुर धानुक | २०००.० |
| २४ | वडा सदस्य | विनोद डगौरा | २०००.० |
| २५ | वडा सदस्य | हरिलाल साउद | २०००.० |
| २६ | वडा सदस्य | शिवचरण राना | २०००.० |
| २७ | वडा सदस्य | काले लुहार | २०००.० |
| २८ | वडा सदस्य | मोहन सिहं साउद | २०००.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२९</td><td>वडा सदस्य</td><td>तर्क राज भट्ट</td><td>२०००.०</td></tr>
<tr><td>३०</td><td>वडा सदस्य</td><td>पल्टा राना</td><td>२०००.०</td></tr>
<tr><td>३१</td><td>वडा सदस्य</td><td>ओम प्रसाद डगौरा</td><td>२०००.०</td></tr>
<tr><td>३२</td><td>वडा सदस्य</td><td>देवी प्रसाद भट्ट</td><td>२०००.०</td></tr>
<tr><td>३३</td><td>वडा सदस्य</td><td>जनकलाल डगौरा</td><td>२०००.०</td></tr>
<tr><td>३४</td><td>वडा सदस्य</td><td>लाल सिहं महरा</td><td>२०००.०</td></tr>
<tr><td>३५</td><td>वडा सदस्य</td><td>खडक बहादुर डगौरा</td><td>२०००.०</td></tr>
<tr><td>३६</td><td>वडा सदस्य</td><td>करन सिहं ऐर</td><td>२०००.०</td></tr>
<tr><td>३७</td><td>वडा सदस्य</td><td>तारा दत्त अवस्थी</td><td>२०००.०</td></tr>
<tr><td>३८</td><td>वडा सदस्य</td><td>राम बहादुर बस्नेत</td><td>२०००.०</td></tr>
<tr><td>३९</td><td>वडा सदस्य</td><td>जय बहादुर बिष्ट</td><td>२०००.०</td></tr>
<tr><td>४०</td><td>वडा सदस्य</td><td>बमन सिहं राना</td><td>२०००.०</td></tr>
<tr><td>४१</td><td>वडा सदस्य</td><td>शिव राज भट्ट</td><td>२०००.०</td></tr>
<tr><td>४२</td><td>वडा सदस्य</td><td>बल्देव भट्ट</td><td>२०००.०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८४०००.०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७२ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br><br>नेपालको संविधान को धारा २२७ मा गाँउसभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट ६४ जना पदाधिकारीहरुलाई रु.१२०३६०००।० सुविधा वापत भुक्तानी भएको छ । आन्तरिक आम्दानीमा वृद्धि गरेर सुविधा भुक्तानी गर्नेतर्फ जोड दिनुपर्दछ । | |
| ७३ | २४२ | २०७८-८-५ | **वेरुजु फर्स्यौटको लागि खटिएका कर्मचारीलाई प्रोत्साहन भत्ता भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३७(१३) अनुसार तोकिएको शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा भुक्तानी बाँकी विवरण भरी आगामि आर्थिक वर्षमा भुक्तानी गर्न सकिने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्षमा बेरुजु फर्स्यौटको लागि खटिएका कर्मचारीलाई प्रोत्साहन भत्ता भुक्तानी कार्यक्रममा बजेट विनियोजन गरी यस आर्थिक वर्षमा ९ जना कर्मचारीलाई ६ महिनाको २५ प्रतिशतका दरले प्रोत्साहन सुविधा भुक्तानी गरेको छ । कार्यविधि जारी गरी सोही अनुसार कर्मचारीलाई पारिश्रमिकको १० प्रतिशत थप प्रोत्साहन सुविधा उपलब्ध गराएकोमा दोहोरो हुने गरी थप कार्य गरेको उल्लेख गरी प्रोत्साहन सुविधा उपलब्ध गराउनु मनासिव नदेखिएको रु. | ४०६,२५१ |
| ७४ | | | **करार कर्मचारीलाई संचय कोष रकम भुक्तानी**<br><br>करार कर्मचारीलाई पारिश्रमिक तथा सेवा सुविधा भुक्तानी गर्दा तोकिएको ऐन नियमको पालना गरि सोही अनुसार भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष ४७ जना करार कर्मचारीलाई पारिश्रमिक रकमको १० प्रतिशत कर्मचारीको पारिश्रमिकबाट कट्टी गरी पालिकाबाट १० प्रतिशत थप गरी कर्मचारी संचय कोषमा रु.२७०८२३२।० जम्मा गरेको छ । करार कर्मचारीलाई संचय कोष सुविधा उपलब्ध गराउने व्यवस्था नभएको अवस्थामा पालिकाले सुविधा भुक्तानी गर्नु मनासिव देखिदैन । अतः करार कर्मचारीलाई पालिकाबाट संचय कोष कट्टी वापत थप १० प्रतिशत सुविधा भुक्तानी भएको रकम रु.१३५४११६।० असुल गरी पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने रु. | १,१२६,४३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **खरिद इकाई बैठक भत्ता**<br><br>शुक्लाफाँटा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७७ को बुँदा नं. ११ मा अर्थ मन्त्रालयबाट तोकिएको नर्म्स र अन्य प्रचलित कानून अनुसारको बैठक भत्ता उपलब्ध गराउने व्यवस्था छ । अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा ७.१.१ अनुसार प्रयोजन खुल्ने गरि मात्र वैठक वस्ने, कानुन बमोजिम गठन भएका र एकै निकायका मात्र पदाधिकारी/कर्मचारी नभएको वैठकमा मात्र बैठक भत्ता उपलब्ध गराउन सकिने उल्लेख छ । पालिकाले कार्यालयको आन्तरिक नियन्त्रणको लागि गठन गरेको खरिद इकाइका पदाधिकारी बैठक बसेको उल्लेख गरी बैठक भत्ता वापत देहायबमोजिम भुक्तानी गरेको छ । कानुन अनुसार गठन नभएको तथा कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न गठत समितिको बैठक भत्ता भुक्तानी रकम असुल गर्नुपर्ने रु. | १५०,४५० |

| क्र.सं. | नाम थर | बैठक संख्या | दर | रकम | करकट्टी | खुद भुक्तानी |
|---|---|---|---|---|---|---|
| १. | विशनसिंह थापा | ६ | १५००. | ९०००. | १३५०. | ७६५०. |
| २. | टिकेन्द्र भट्ट | ७ | १५००. | १०५००. | १५७५. | ८९२५. |
| ३. | श्री विष्णु प्र. खरेल | १२ | १५००. | १८०००. | २७००. | १५३००. |
| ४. | श्री लक्ष्मी दत्त पाण्डेय | १२ | १५००. | १८०००. | २७००. | १५३००. |
| ५. | श्री मवहन राज फुलारा | २ | १५००. | ३०००. | ४५०. | २५५०. |
| ६. | श्री लोक राज भट्ट | ६ | १५००. | ९०००. | १३५०. | ७६५०. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | श्री प्रमानन्द भट्ट | १२ | १५००. | १८०००. | २७००. | १५३००. |
| ८. | श्री लोकेन्द्र राज भट्ट | १२ | १५००. | १८०००. | २७००. | १५३००. |
| ९. | श्री कृष्ण बहादुर कार्की | १० | १५००. | १५०००. | २२५०. | १२७५०. |
| १०. | श्री करन सिंह बुढाऐर | २ | १५००. | ३०००. | ४५०. | २५५०. |
| ११. | श्री माधव राज जोशी | १२ | १५००. | १८०००. | २७००. | १५३००. |
| १२. | श्री राजेश कुमार ऐर | ५ | १५००. | ७५००. | ११२५. | ६३७५. |
| १३. | श्री रमेश कुँवर | ५ | १५००. | ७५००. | ११२५. | ६३७५. |
| १४. | श्री राजेन्द्र बहादुर सिंह | ७ | १५००. | १०५००. | १५७५. | ८९२५. |
| १५. | श्री लक्ष्मण सेठी | ६ | १०००. | ६०००. | ९००. | ५१००. |
| १६. | श्री हरिमान चौधरी | ३ | १०००. | ३०००. | ४५०. | २५५०. |
| १७. | श्री पदम बहादुर ऐर | ३ | १०००. | ३०००. | ४५०. | २५५०. |
| | जम्मा | | | १७७०००.० | २६५५०. | १५०४५०.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **ईण्डक्सन चुलो वितरण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (४) मा स्वीकृत बजेटभित्र परेको तर कुनै कारणवस अधिकारप्राप्त अधिकारीको स्वीकृति बिना कुनै रकम खर्च गरेकोमा अधिकारप्राप्त अधिकारीले त्यसरी खर्च गरेको कारण मनासिब देखेमा कारण जनाई त्यस्तो खर्च स्वीकृति जनाउन सक्नेछ तर नगरपालिकाले ७७ वटा ईण्डक्सन चुलो वितरण गरेकोमा वडा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नम्बर ९ ठेगाना भएका राजेश शाहीलाइ वडा नम्बर ५ बाट वितरण गरेको भर्पाइ पेस गरेको छ । त्यसैगरी वडा नम्बर ९ मा एकाघरका श्रीमान-श्रीमती पार्वती साउद र नरेश कुमार साउदलाइ वितरण गरेको छ । त्यसरी अधिकार प्राप्त अधिकारीको स्वीकृति बिना गरिएको कार्यको प्रमाण पेश हुनुपर्दछ । साथै पालिकाले सेवा सुविधाको वितरण गर्दा दोहोरो नपर्ने गरी समन्यायिक रुपमा वितरण गर्ने व्यबस्था गर्नुपर्दछ । | |
| ७७ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br><br>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को बुँदा नं. ५ अनुसार जस्तापाता तथा काठ लागएत सामाग्री खरिदको लागि ६० प्रतिशत रकम उपलब्ध गराउने र उक्त कार्य सकिपछि बाँकी रकम निकासा गर्ने उल्लेख छ । पालिकाले कार्यविधि अनुसार १६५ जनालाई रु.३००००।० का दरले रु.४९५००००।० सम्बन्धित लाभग्राहीको खातामा रकम निकासा गरेको छ । यसरी निकासा गरेको रकमबाट सम्बन्धितले तोकीए अनुसारको सामाग्री खरिद गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन गरेको देखएन । अतः सम्बन्धित लाभग्राहीले पहिलो किस्ता सदुपयोग गरेको एकीन गरी दोस्रो किस्ता वापतको बाँकी रकम निकासा गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७८ | | | **छाडा पशु चौपाया व्यवस्थापन अनुदान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापन कार्यक्रममा हेरालुको रुपमा ६ जना कामदारको ज्याला, पशु चौपायको लागि पराल खरिद, ढुवानी तथा औषधी खरिद, बोरिङ्ग तथा पानी ट्यांकी निर्माण लगाएत कार्यको लागि रु.४० लाख बजेट विनियोजन गरी सबै रकम शुक्लाफाँटा नगरपालिका वडा नं. ९ कार्यालयलाई भुक्तानी गरेको छ । यसरी भुक्तानी गरेको रकम खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रुपमा विनियोजन गरिएको रकम स्वेच्छिक रुपमा ज्याला, औषधि, पराल खरिद र ढुवानीमा खर्च भएको देखिन्छ । सम्बन्धित क्षेत्रमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन । कर्मचारी नै राखि पशु चौपाया व्यवस्थापन गरेको भनि खर्च लेखेकोमा त्यहाँबाट संकलित पशु मल, दुधजन्य पदार्थ उत्पादन तथा विक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
